का.जि.प्र.का.द.नं. १००/०५९/६०

१० भदौ २०८०,
आइतबार
27 August 2023,
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २१३ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com




भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं

- वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- जमिन चिरा परेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं।

भू-क्षयबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बालसुधारमा हुलहुज्जत गर्ने बालबन्दी स्थानान्तरण

विभागका महानिर्देशक काशीराज दाहालका अनुसार सुधार गृहको विवाद समाधान गर्न उनीहरुलाई अन्यत्र स्थानान्तरण गरिएको हो । स्थानान्तरण गरिएकाहरुमा अधिकांश १८ वर्षमाथिका छन् ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ९ भदौ ।

सानोठिमीस्थित भक्तपुरको बालसुधार गृहमा हुलहुज्जत गर्ने ५७ जनालाई बालबन्दीलाई काठमाडौं उपत्यका बाहिर स्थानान्तरण गरिएको छ ।

कारागार विभागले जिल्ला प्रशासन कार्यालय भक्तपुरको सिफारिसमा सुधार गृह पर्सामा १८ जना, मकवानपुरमा १८, डोटीमा ७ र रुपन्देहीमा १४ जनालाई स्थानान्तरण गरेको हो । विभागका महानिर्देशक काशीराज दाहालका अनुसार सुधार गृहको विवाद समाधान गर्न उनीहरुलाई अन्यत्र स्थान्तरण गरिएको हो ।

स्थानान्तरण गरिएकाहरुमा अधिकांश १८ वर्षमाथिका छन् । गत आइतबार २० वर्षीय एक युवकको उपचारका क्रममा मृत्यु भएपछि सुधार गृहमा रहेकाले विद्रोह गर्ने क्रममा २५५ जना भागेका थिए ।

ज्वरोबाट थलिएका २० वर्षीय युवाको बेलैमा उपचार नभएकै कारण मत्यु भएको घटनाका विषयमा अझै सहमति हुन सकेको छैन । मृतकको परिवारले सुधार गृहसँग १० लाख रुपैयाँभन्दा बढी क्षतिपूर्ति माग गरेको बताइएको छ ।

सुधार गृहले भने किरिया खर्च मात्रै दिनसक्ने पीडितलाई जानकारी दिएको छ । क्षतिपूर्तिमा सहमति नभएकै कारण मृत्युको विषयमा अनुसन्धान समेत अघि बढ्न सकेको छैन । मृतकको पोष्टमार्टम पनि हुन सकेको छैन ।

### ७ जना अझै फरार

बाल सुधार गृह तोडफोड गरी भागेका २२१ जनामध्ये ७ जना अझै फरार छन् । भागेका २५५ जनामध्ये २४८ जना पक्राउ परिसकेका छन् ।

मंगलबार दिनभरमा उपत्यकाका विभिन्न स्थानबाट १० जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी

पृष्ठ २ मा

## धरानको अपिल


**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ भदौ ।

सामाजिक सद्भाव भड्कने पूर्वमानका कारणले स्थानीय प्रशासनले जारी गरेको निषेधाज्ञाका कारणले शनिबार धरान सुनशान बन्यो । प्रशासनले शुक्रबार राति १२ बजेदेखि शनिवार राति १२ बजेसम्म निषेधाज्ञा जारी गरेको थियो । निषेधाज्ञाको समयमा भेला, जुलुस, ऱ्याली निकाल्न रोक लगाएको थियो । स्थानीय प्रशासन निषेधाज्ञाकै कारण धरान शनिवार शान्त रह्यो ।

विभिन्न समूह तथा संस्थाले शनिबार ऱ्याली निकाल्ने तयारी गरेपछि स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको हो । निषेधाज्ञामा धरान प्रवेश गर्ने सबै नाकामा सुरक्षाकर्मी परिचालन गरिएको थियो । बाहिरबाट धरान प्रवेशमा पनि कडाइ गरिएको थियो ।

धरानमा गर्ने भनिएको प्रर्दशनमा स्थानीय प्रशासनले रोक लगाएपछि केही समूहले सुनसरीको इटहरीमा प्रर्दशन गरे । धरान प्रवेशमा रोक लगाउँदै तरहराको पानीपियामा जिल्ला प्रहरी कार्यालय सुनसरीका डिएसपी राजकुमार राई र सशस्त्र प्रहरी बल ४ नम्बर गणका डिएसपी प्रेम सिग्देलको नेतृत्वमा ५ सय भन्दा बढी प्रहरी परिचालन गरीएको थियो । धरानमा ५ हजार भन्दा बढी जनपद प्रहरी र सशस्त्र प्रहरी परिचालन गरेपछि धरान शान्त बनेको हो । धरानमा सामाजिक सदभाव भडकिन नदिन कोशी, मधेस र बागमती प्रदेशका विभिन्न जिल्लाबाट थप प्रहरी

पृष्ठ २ मा




सद्भाव भड्काउने गरी गतिविधि र प्रचार भएपछि धरानका नागरिक समाज, जनप्रतिनिधि, पूर्वजनप्रतिनिधि, राजनीतिक दलहरु र प्रशासनले अनावश्यक प्रचार रोकिदिन आग्रह गरेका छन् ।

### परिस्थितिप्रति दलहरु चिन्तित

धार्मिक तथा सामाजिक विवादले उग्र रुप लिन खोजेपछि धरान उपमहानगरका मेयर हर्क साम्पाङले आफू सबै धर्मको सम्मान गर्ने प्रकृति पुजक भएको बताएका छन् । 'हिजोसम्म मलाई नेपालकाहरुले मात्रै चिन्दथे, आज पूरै दक्षिण एसियाले चिन्ने गरी हर्क साम्पाङ मुर्दावाद भनेको देखेँ सुनेँ' उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'म हिन्दु धर्मको विरोधी हुँदै होइन, सबै धर्मलाई सम्मान गर्ने प्रकृति पुजक हुँ म । एक दिन हर्क साम्पाङ जिन्दावादको नारा पनि लाग्नेछ । म ढुक्क छु ।'

यसअघि उनले सबै पक्ष तथा समुदायलाई 'सयौं थुंगा फूलका हामी, एउटै माला नेपाली' को भाव आत्मसात गर्न अनुरोध गरेका थिए ।

धरानमा गोरु काटेर खाएको र मन्दिर अगाडि चर्च बनाएको भन्दै केही हिन्दु समर्थकले प्रदर्शनको आह्वान गरेपछि धरानमा चिन्ता बढेको छ । जिल्ला प्रशासन कार्यालय सुनसरीको आदेशमा धरानमा फैलिएको डेंगी सङ्क्रमण नियन्त्रणमा नआउन्जेल स्वास्थ्य आपत्काल अवस्था क्षेत्र घोषणा गर्न भन्दै गृह

पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

### साउदीको सप्लाई कम्पनीमा नेपाली कामदार नपठाऔं : राप्रपा अध्यक्ष लिङ्देन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ भदौ

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष एवम् निवर्तमान उपप्रधानमन्त्री राजेन्द्र लिङ्देनले साउदी अरबमा सप्लाई कम्पनीमा नेपाली कामदार पठाउने कार्य रोक्नका लागि पहल गर्ने बताएका छन् । साउदी अरेबियाको भ्रमणमा रहेका नेता लिङ्देनले त्यहाँ सप्लाई कम्पनीमार्फत काम गरी समस्यामा परेका नेपाली कामदारहरूसँग छलफलपछि उक्त धारणा सार्वजनिक गरेका हुन् ।

उनले त्यहाँ आयोजना गरिएको एक कार्यक्रममा उपस्थित नेपालीहरूलाई सम्बोधन गरेका थिए । सम्बोधनमा उनले सप्लाई कम्पनीमा आएकाहरू बढीजसो समस्यामा परेकाले उक्त समस्यालाई न्यूनीकरण गर्न यस्ता कम्पनीहरूमा नेपाली कामदार जान श्रम स्वीकृति नै दिन रोक्नुपर्ने भन्दै आफूले यसका लागि नेपाल फर्केपछि संसदमा र सम्बन्धित निकायमै पुगेर पहल गर्ने बताए । साउदी म्यानपावर सोलुशन, नास म्यानपावर सोलुशन, इस्टर्न रिक्रुटिङ कम्पनीलगायत मुख्य सप्लाईर्स कम्पनीका रूपमा रहेका छन् ।

साउदीमा करार अवधिभन्दा अगावै कामदार पारिवारिक वा अन्य बाध्यताले कम्पनी छोडेर स्वदेश फर्किनुपर्ने बाध्यतामा पुग्दा रोजगारदाता कम्पनीले अनिवार्यरूपमा स्वदेश फर्किने अनुमति एक्जिट पर्मिट लिनुपर्छ । तर सप्लाई कम्पनीहरूले नेपाली कामदार जस्तोसुकै

पृष्ठ २ मा

### जैसी गणतान्त्रिक मञ्चको अध्यक्षमा पुनः निर्वाचित



काठमाडौं/मस- नेकपा माओवादी केन्द्र निकट वैदेशिक रोजगार व्यावसायी गणतान्त्रिक मञ्चको अध्यक्षमा पुनः धनलाल जैसी निर्वाचित भएका छन् । शुक्रबार सम्पन्न साधारण सभा तथा प्रथम अधिवेशनमार्फत

पृष्ठ २ मा

## एमसीसीमा अवरोध गर्ने साना दलहरुको चेतावनी

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ९ भदौ ।

अमेरिकी सहयोग सम्बन्धी सम्झौता (मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) यही भदौ १३ गतेदेखि कार्यान्वयनमा आउने भएको छ । छ वर्षअघि भएको मिलेनियम च्यालेन्ज सम्झौता (कम्प्याक्ट) को पूर्णरूपमा लागू हुने मिति (इन्ट्री इन टु फोर्स-इआइएफ) तोकिएको छ । अर्थ मन्त्रालयका अनुसार मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति एमसीए नेपालको सञ्चालक समितिले भदौ १३ गते इआइएफ मिति तोकेको छ ।

एमसिसी नेपाल कम्याक्टअन्तर्गत कार्यान्वयन हुने विद्युत प्रसारणलाइन र सडक निर्माणसम्बन्धी आयोजनाको काम इआईएफ मिति घोषणा भएको पाँच वर्षभित्रमा सम्पन्न गरिसक्नुपर्नेछ । यसरी पाँच वर्ष गणना थालिने अवधि यही भदौ १३ गतेलाई तोकिएको हो ।




*शनिबार काठमाडौंस्थित संवाद डबलीमा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालले आयोजना गरेको 'एमसीसी खारेज वा फिर्ता' कार्यक्रममा सहभागीहरु ।*

अर्थात, भदौ १३ गतेदेखि पूर्णरुपमा एमसीसी कार्यान्वयनमा आउनेछ । कम्प्याक्टअनुसार इआइएफपछि एमसीसी लागू हुने पाँच वर्षे अवधिको गणना शुरु हुन्छ । जग्गा प्राप्ति तथा मुआब्जा वितरणसम्बन्धी केही कार्य सम्पन्न गर्न बाँकी रहेको भएता पनि

पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
१० भदौ २०८०, आइतबार
27 August 2023, Sunday

# सुशासनबिना लोकतन्त्रको प्रत्याभूति गर्न सकिँदैनः मन्त्री गुरुङ



**झापा/मस-** कानून न्याय तथा संसदीय मामिलामन्त्री धनराज गुरुङ आफ्नो जीवनको ध्येय नै मुलुकमा सुशासन कायम गर्नु रहेको बताएका छन् ।

दमक नगरपालिकाले आयोजना गरेको साक्षत्कारमा मन्त्री गुरुङले सुशासनबिना लोकतन्त्रको प्रत्याभूति गर्न नसकिने पनि उल्लेख गरे । संविधानले परिकल्पना गरेका तीन वटै तहका सरकारमध्ये स्थानीय तह नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले नागरिकका अधिकांश समस्याको हल स्थानीय सरकारले नै गर्नुपर्ने व्यवहारिकताबारे आफू जानकार रहेको स्पष्ट पारे ।

उनले स्थानीय तहमा संविधानले निर्दिष्ट गरेका कानुनी अधिकारका विषयमा सञ्चालन हुने प्रशिक्षणमा एकरुपता ल्याउन प्रशिक्षण सामग्री तयार भएकाले आउँदा दिनमा विभिन्न निकाय तथा संघ संस्थाले दिने प्रशिक्षणमा एकरुपता कायम गर्ने लक्ष्य रहेको बताए ।

दमक नगरप्रमुख रामकुमार थापाले जनप्रतिनिधि तथा स्थानीय सरकारका प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य तथा नगरसभा सदस्यका समेत अधिकारको स्पष्ट किटान भई त्यसको कार्यान्वयनमा सहजता ल्याउन सरकारको महत्वपूर्ण भूमिका हुनुपर्ने बताए ।

दमक नगर उपप्रमुख तथा न्यायिक समिति संयोजक रेगिना भट्टराई प्रसाईंले संघीय कानूनको अभावमा स्थानीय तहलाई कानुन निर्माणमा भइरहेको असहजता, न्यायिक समितिले विवाद निरुपण तथा मेलमिलापमा निर्वाह गरिरहेको भूमिका आदिका विषयमा जानकारी गराउँदै जनशक्ति व्यवस्थापन र अन्य समस्याको समाधानमा मन्त्री गुरुङको ध्यानाकर्षण गराइन् ।

नगरपालिकाको कानुन शाखाका सहायक नवीन खतिवडाले कानून शाखाअन्तर्गत न्यायिक समिति र विधायन समितिले गरिआएका काम कारबाही, आर्थिक वर्ष २०७९/८० को शाखाको प्रगतिलगायतका विषयमा कार्यप्रगति प्रस्तुत गरेका थिए ।

प्रस्तुत प्रतिवेदनमाथि कानुन मन्त्रालयका अधिकृत नवीन गड्तौलाले सुझावसहित टिप्पणी राख्दै न्यायिक समितिमा छुट्टै इजलास कक्षको परिकल्पना नगरिएको बताए ।

# घट्टेटार नमुनाबस्ती खानेपानी समितिको वार्षिक साधारणसभा सम्पन्न



**काठमाडौं/मस-**घट्टेटार नमुनावस्ती खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको दोस्रो वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

पूर्व शिक्षा मन्त्री तथा संघीय सांसद कृष्ण गोपाल श्रेष्ठको प्रमुख आतिथ्यतमा भएको कार्यक्रममा प्रदेश सांसद तथा बागमती प्रदेश पूर्व कृषि तथा पशुपन्छी मन्त्री केशव प्रसाद पोखरेल, बागमती प्रदेश समानुपातिक सांसद बाल कुमारी विश्वकर्मा, नागर्जुन नगरपालिका वडा नं.६ का वडा अध्यक्ष लगायत वडा सदस्यहरु, विभिन्न उपभोक्ता समितिका अध्यक्षहरु, समाजसेवी र घट्टेटार खानेपानी उपभोक्ताहरुको उपस्थिति रहेको थियो ।

सभामा खानेपानी ट्यांकी निर्माणका लागि आवश्यक जग्गा छनोटका विषय पनि उठेको थियो । प्रमुख अतिथि श्रेष्ठले खानेपानीको ट्यांकी निर्माणका लागि आवश्यक अपुग रकमको लागि प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए । त्यस्तै रकम बुझाएर पनि पानी खान नपाएका करिब ४० भन्दा बढी स्थानीय घर धुरिले छिट्टै पानी दिन माग गरेका थिए ।

कार्यक्रममा खानेपानीको विकास एवम् विस्तारको लागि सबैले आ-आफ्नो तवरबाट सहयोग गर्ने आश्वासन दिएका थिए ।

# ज्ञानक्रान्ति र भक्तिसागर लोकार्पण



**काठमाडौं/मस-**कवि रामचन्द्र न्यौपाने 'वनवासी'का ज्ञानक्रान्ति (महाकाव्य) र भक्तिसागर (खण्डकाव्य) को शनिबार लोकार्पण गरिएको छ ।

सिसार साहित्य परिवारको आयोजनामा सम्पन्न सो कार्यक्रम त्रिविका उपप्राध्यापक तथा पद्मकन्या बहुमुखी क्याम्पस संस्कृत, पत्रिकारिता र हिन्दी विभागका पूर्व विभागीय प्रमुख ज्ञाननिष्ठ ज्ञवालीको सभापतित्वमा सम्पन्न भएको हो । महात्मा दीपकजीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा अध्यक्ष, प्रमुख अतिथि र साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकालीलगायत विभिन्न व्यक्तिहरूले संयुक्त रूपमा कृतिहरुको लोकार्पण गरेका थिए ।

दुबै लोकार्पित कृतिको समीक्षा प्रा.डा. भागवत ढकाल, कवि सीता भट्टराई र पूर्व प्रशासक कृष्णचन्द्र घिमिरेले गरेका थिए । कवि रामचन्द्रका दुई कृतिबाट कवि प्रभा भट्टराई, लक्ष्मी घिमिरे र स्वस्तिक ढकालले रचना वाचन गरेका थिए ।

कार्यक्रममा साहित्यकारहरु राधेश्याम लेकाली, विजयराज न्यौपाने, चन्द्रप्रसाद न्यौपाने, विजयध्वज थापा, राजनप्रसाद न्यौपाने, मीनप्रसाद ज्ञवालीलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

प्रमुख अतिथि महात्मा दीपकजीले तत्त्वज्ञान प्राप्तिका लागि कृतिहरु सहयोगी भएको धारणा राख्नुभयो भने कृतिका सम्पादक एवं भूमिका लेखक ज्ञाननिष्ठ ज्ञवालीले सम्पादन र भूमिका लेखनको जोखिमबारे धारणा राखेका थिए । कवि वनवासीले धन्यवाद ज्ञापन गरेको सो कार्यक्रमको सञ्चालन कवि राधिका पन्तले गरेकी थिइन् ।

# लोसपाले मनायो स्थापना दिवस




काठमाडौं/मस-लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले स्थापना दिवसका अवसरमा पार्टीको झण्डोत्तोलन गरेको छ । बबरमहलस्थित पार्टी केन्द्रीय कार्यालयमा आयोजित कार्यक्रममा लोसपाका अध्यक्ष महन्थ ठाकुरले पार्टीको झण्डोत्तोलन गरे ।

लोसपा स्थापनाको दुई वर्षका अवसरमा झण्डोत्तोलनसहित नेता एवं कार्यकर्ताबीच शुभकामना आदानप्रदान गरिएको लोसपाका नेता केशव झाले जानकारी दिए । सो अवसरमा लोसपाका अध्यक्ष ठाकुरले आफूहरुले उठाउँदै आएको मुद्दा सम्बोधन नभएसम्म एकताबद्ध भएर थप पहलकदमी लिन जरुरी भएको बताएका थिए । उनले पार्टी स्थापनाका अवसरमा नेता कार्यकर्ताबीच आपसी भाइचारा र सहअस्तित्व कायम गरी राजनीतिक विचारधाराको सम्वर्द्धनमा सक्रियरुपले लाग्न पनि आग्रह गरे । कार्यक्रममा लोसपाका नेता तथा कार्यकर्ताको उपस्थिति थियो ।

# व्यवसायी डोटेल पाँच दिनदेखि बेपत्ता



**काठमाडौं/मस-** काभ्रेपलाञ्चोक मण्डन देउपुर नगरपालिका वडा नं. ५ गैरिबिसौना स्थायी घर भइ हाल कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ७ हरहर महादेव नजिकै बस्ने किनारा व्यवसायी बद्री प्रसाद डोटेल पाँच दिनदेखि बेपत्ता भएका छन् ।

४२ वर्षीय डोटेल यहि भदौ ५ गते बिहान पसल खोल्न जान्छु भनेर घरबाट निस्किएका थिए । सोही दिनदेखि उनी बेपत्ता भएको परिवारले जनाएको छ । चस्मा लगाउने डोटेललाई आफन्त छरछिमेकमा खोजी गर्दा पनि फेला नपरेको र कहि कतै देख्नुहुने व्यक्तिले नजिकको प्रहरी कार्यालय वा रमेश डोटेलको टेलिफोन नम्बर ९८४१३१६२३२ वा राजन दुलालको टेलिफोन नम्बर ९८५१०६२४४९ मा सम्पर्क गरिदिन परिवारले आग्रह गरेको छ ।

## धरानको...

झिकाइएको थियो । सुरक्षाको संवेदनशिलतालाई ध्यानमा राखेर बिभिन्न राजनीतिक दलका नेताहरुले सद्भावका लागि अपिल गरेका छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पनि शनिबार बक्तव्य जारी गर्दै सद्भावको अपिल गरेका छन् ।

धरानबासीलाई विषेश अपिल गर्दै सामाजिक सद्भावको पक्षमा उभिन प्रधानमन्त्री प्रचण्डले आग्रह गरेका छन् । 'सामाजिक एकतामा खलल पुग्ने कार्यहरुबाट टाढा रही एकता र सद्भावको पक्षमा उभिन र समस्या समाधानका निम्ति आ-आफ्नो ठाउँबाट सम्भव पहल लिनुहुन धरानबासी जनसमुदाय लगायत सम्पूर्ण नेपालीमा हार्दिक अपील गर्दछु' प्रचण्डको बक्तव्यमा उल्लेख छ ।

केही दिनयता धरानमा भइरहेको द्वन्द्वका विषयमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले विज्ञप्ती नै निकालेर चिन्ता व्यक्त गरे । विज्ञप्तीमार्फत उनले सामाजिक, धार्मिक र राजनैतिक सद्भावका लागि अपिल गरेका छन् । संविधानले सबैलाई आफ्नो धर्म, संस्कृति पालना गर्ने स्वतन्त्रता दिएको र त्यस्तो स्वतन्त्रताको प्रयोग गर्दा अरुको आस्थामा समेत चोट पुऱ्याउन नपाइने व्यवस्था रहेको पनि सभापति देउवाले स्मरण गरेका छन् ।

सभापति देउवाले भनेका छन्, 'परापूर्वकालदेखि विभिन्न जात-जाति, धर्म, संस्कृति र सम्प्रदायका नागरिक आपसी सम्मान र गहिरो सद्भावले मिलेर बसेका मात्रै होइनौं, राष्ट्र निर्माण र विकासका लागि हातेमालो गर्दै आएका छौं ।'

नेपालको कानुनले हरेक व्यक्ति र सम्प्रदायलाई अरूको धर्म, संस्कृति र आस्थामा चोट नपुऱ्याई आ-आफ्नो धर्म, संस्कृतिको पालना गर्ने स्वतन्त्रता प्रदान गरेको कुरा पनि भुल्न नहुने उनको भनाइ छ ।

सभापति देउवाले नेपालीको भावना र चाहनाविपरीत धार्मिक, सामाजिक सद्भाव भड्काउने गतिविधि कसैको अनुकूल नहुने पनि बताएका छन् । 'यस्ता घटनाबाट उत्पन्न हुने धार्मिक, सामाजिक तथा राजनीतिक अस्थिरता र अराजकताको धमिलो पानीमा खेल्न खोजेका दृश्य अदृश्य शक्तिहरूलाई सहयोग पुग्ने कुरामा दुई मत छैन । यसले निम्त्याउन सक्ने परिस्थिति बेलैमा अनुमान गरि हरेक व्यक्ति, समुदाय र सम्प्रदाय सचेत र संयम हुनु आजको आवश्यकता हो,' देउवाले विज्ञप्तिमार्फत भनेका छन् ।

राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले पनि शनिबार एक विज्ञप्ति प्रकाशित गरी विभिन्न धर्मावलम्बी तथा जातजातिका स्थानीय बासिन्दाहरुले आपसी सामाजिक सद्भाव कायम राख्न र त्यसलाई बिथोलिन नदिन अपिल गरेका छन् ।

विज्ञप्तिमा केसीले कतिपय साम्राज्यवादी शक्तिहरुले नेपालमा विभिन्न जातजातिकाबीच द्वन्द्व र अन्तरविरोध पैदा गराएर एक आपसमा लडाएर भिडाएर नेपालको सार्वभौमसत्ता र अखण्डतालाई कमजोर पार्नका लागि विभिन्न षड्यन्त्र गरिरहेको भन्दै सतर्क रहन पनि आग्रह गरेका छन् ।

## परिस्थितिप्रति...

मन्त्रालयमा सिफारिस समेत गरिएको छ । यसको मुल कारण शान्ति सुरक्षा भएको स्थानीय नेताहरु बताउँछन् ।

शुक्रबार नै संयमताका लागि धरानमा क्रियाशील १३ वटा राजनीतिक दलले आग्रह गरेका थिए । धरानमा शुक्रवार सर्वदलीय बैठक नै बसेको थियो । जसमार्फत साझा विज्ञप्ति निकालेर सामाजिक सद्भाव बिथोल्ने कुनै पनि कार्यक्रम नगर्न आग्रह गरिएको थियो । दलहरूले सबै जाति, धर्म, समुदायले एकआपसको धर्म, संस्कार, संस्कृति र परम्परालाई सम्मान गर्दै सामाजिक द्वैष तथा आस्थामा ठेस पुऱ्याउने गतिविधि नगर्न अनुरोध गरेका छन् ।

## बालसुधारमा...

कार्यालय भक्तपुरका डिएसपी बसन्त पाठकका अनुसार फरार रहेकाहरुको खोजी तीव्र पारिएको छ । पक्राउ परेकाहरूलाई भने भक्तपुरका विभिन्न प्रहरी कार्यालयमा राखिएको छ । तोडफोड भएको बनाइएसकेर उनीहरूलाई पुनः सोही सुधार गृहमा लगिने डिएसपी पाठकले बताए ।

## साउदीको...

बाध्यात्मक अवस्थामा पुगेपनि एक्जिट पर्मिट नदिने गरेको अवस्था छ ।

एक्जिट पर्मिट नपाउँदा नेपालीहरू समस्यामा परी अलपत्र पर्ने गरेको बताइएको छ । साउदी अरबस्थित नेपाली दूतावासले 'सप्लाई कम्पनी भनेको भए आउने थिइनँ' भन्ने श्रमिक बढी देखिएको भन्दै नेपालबाट जानु अगाडिदेखि नै कस्तो कम्पनीमा जाँदैछु भन्नेमा प्रष्ट हुनुपर्ने बताएको छ । दूतावासले करारमा उल्लेखित कागजातमा उल्लेख कम्पनीका बारेमा वेबसाइट एवम् अन्य स्रोतबाट बुझ्न सकिने भन्दै रिक्रुटमेन्ट कम्पनी, म्यानपावर सोलुसनजस्ता नाम जोडिएका कम्पनी सप्लाई कम्पनी हुन सक्ने भएकाले नामका आधारमा बुझेर पनि सचेत हुन सकिने दूतावासले आफ्नो वेबसाइटमा उल्लेख गरेको छ । दूतावासले सप्लाई पनि बहुतहसम्मको सप्लाई हुने भएकाले अधिकांश सप्लाई कम्पनीमा पारिश्रमिक तथा अतिरिक्त समयको सुविधा न्यून हुने गरेको समस्या आइरहेको बताएको छ ।

साउदीमा सप्लाई तथा कन्ट्राक्टिङ कम्पनीमा आउने कामदारहरू कम्पनीको कन्ट्राक्ट सकिए वा भंग भए वा ग्राहक कम्पनीबाट सप्लाई तथा कन्ट्राक्टिङ कम्पनीलाई समयमा भुक्तानी नभएको अवस्थामा कामदारले पारिश्रमिक समयमा नपाउने समस्या गम्भीर रहेको बताइएको छ ।

## जैसी...

अध्यक्षमा कान्तिपुर म्यानपावर सर्भिस प्रा.लि.का सञ्चालक जैसी पुनः निर्वाचित भएका हुन् ।

मञ्चको उपाध्यक्षमा हेराल्ड इन्टरनेशनल प्रा.लि.का सञ्चालक परमेश्वर अधिकारी र पाल्ही ओभरसिज प्रा.लि.का ज्ञानबहादुर तामाङ निर्वाचित भए । मञ्चको महासचिवमा आकृति रिक्रुटिङ प्रा.लि.का सञ्चालक कुन्छा दोर्जे दिमदोङ निर्वाचित भएका छन् । सचिवमा माइलस्टोन इम्प्लोइमेन्ट ओभरसिज प्रा.लि.का सञ्चालक बासु पुडासैनी, कोषाध्यक्षमा युनिभर्सल एचआर सोलुसन प्रा.लि.का सञ्चालक भरत सापकोटा निर्वाचित भएका छन् ।

मञ्चको कार्यसमिति सदस्यहरुमा सरस्वती सिग्देल, विजय लामा, नवराज पाण्डे, हरि गिरी, वीरबहादुर शिरीष, सरोज फुयाँल र सुशान्त अर्याल चयन भएका छन् ।

नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा पूर्व श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री रामेश्वर राय यादवको प्रमुख आतिथ्यतामा साधारण सभा सम्पन्न भएको हो । साधारण सभाले वार्षिक प्रतिवेदनलगायतका प्रतिवेदन पारित गरेको छ ।

## एमसीसीमा...

एमसीसी नेपाल कम्प्याक्ट कार्यक्रमलाई कार्यान्वयनमा प्रवेश गराइसकेकाले छनोट भएका निर्माण कम्पनीलाई कार्यस्थलमा पहुँच दिन लागिएको जनाइएको छ ।

तर, नेपालमा एमसीसीको विरोधमा आवाज उठिरहेकै छ । संसद बाहिर रहेका साना राजनीतिक दलहरुले एमसीसीका सन्दर्भमा अझै पुर्नबिचार हुनुपर्ने बताएका छन् । नेपालले संसदबाट ब्याख्यात्मक टिप्पणीसहित अनुमोदन गरेको भएतापनि कार्यान्वयन सुरु हुनु अगाडि पुर्नबिचार गर्न आवश्यक रहेको भन्दै साना दलहरुले सरकार र ठूला राजनीतिक दलहरुको ध्यानाकर्षण गर्दै आएका छन् ।

शनिबार काठमाडौंस्थित संवाद डबलीमा क्रान्तिकारी कम्यूनिस्ट पार्टी नेपालले आयोजना गरेको 'एमसीसी खारेज वा फिर्ता' कार्यक्रममा बोल्दै क्रान्तिकारी कम्युनिस्ट पार्टीका वरिष्ठ नेता सीपी गजुरेलले एमसीसी सम्झौता राष्ट्रघाती भएको बताए । यो लागू मात्र नभएर नेपालबाट फिर्ता हुनु पर्ने उनको धारणा छ ।

'नेताहरुले संसदबाट अनुमोदन गर्नु गल्ति भएको महसुस गरेर कार्यान्वयन नगर्दा अमेरिकाले एमसीसी परियोजना फिर्ता लग्नु पर्छ, अन्यथा देशमा ठूलो द्वन्दको सिर्जना हुन्छ' नेता गजुरेलले भनेका छन् ।

नेपाल कम्युनिस्ट पार्टीका स्थायी कमिटी सदस्य सन्तोस बुढामगरले सत्तामा आउने हरेक नेताले अमेरीकीहरुको योजनाअनुसार एमसीसी परियोजनालाई आत्मसाथ गरेर राष्ट्रघात गरेको आरोप लगाए । नेता बुढाले नेपालमा विदेशीहरुको रणनीति जसरी पनि नेपाललाई आफ्नो पञ्जामा राख्ने दाउ भएको टिप्पणी गरे ।

क्रान्तिकारी कम्युनिस्ट पार्टीका कार्यालय सदस्य हेमन्तप्रकाश ओली शुदर्शनले एमसीसीका नाममा आउने कुनै पनि सहयोग स्वीकार्न नसकिने र त्यसको कार्यान्वयनलाई अबरोध गरेरै छाड्ने चेतावनी दिए ।

अर्का नेता उदयबहादुर चलाउने दिपकले उत्तरी क्षिमेकी चीनलाई घेर्ने दीर्घकालिन रणनीतिसहित नेपाल छिरेको अमेरीकी परियोजना एमसीसीलाई कुनै हालतमा नेपालबाट विदा गर्नुपर्ने बताए ।

पूर्व जर्नेल डा.प्रेमसिंह बस्न्यातले वीर-पूर्खाहरुको ठूलो त्याग तपस्या र बलिदानीबाट निर्माण भएको एक सार्वभौम देश नेपाललाई विदेशीको खेल मौदानमा रुपान्तरण गर्न खोजिएको टिप्पणी गरे ।

विरोध र बहसकै कारण लामो समय अड्किएको एमसीसी सम्झौता २०७८ फागुन १५ गते संसदबाट १२ बुँदे व्याख्यात्मक घोषणासहित अनुमोदन भएको थियो । त्यस अनुसार पूर्ण रुपमा कार्यान्वयनमा जान लागेको हो । यही बेला साना दलहरुले विरोधी आवाज चर्को बनाएका हुन् ।

**Dupcheshwor Rural Municipality**
**Office of Rural Municipal Executive**
**Samundratar, Nuwakot**
**Bagmati Province, Nepal**

**Invitation of Bids**

**(Date of First Publication :- 2080/05/10)**

1. **Dupcheshwor Rural Municipality [DRM]** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction under National Competitive Bidding procedures.
2. Bidders may obtain further information and inspect the bidding documents at the office of **Dupcheshwor Rural Municipality, Samundratar, Nuwakot.**
3.

| Contract Identification No. | Description and Location of Works | Bid validity Period | Bid security Amount (NRs.) | Estimated Amount (With VAT, PS and Contingency) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| DRM/NUW/BUILDING/NCB/080/081/01 | Shikharbesi A. V Infrastructure Construction Dupcheshwor 7, Manedada Sikharbesi | 90 days after bid opening valid for 30 days beyond the validity period of the bid. | 2,50,000 | 1,01,00,067.72 | 3,000 |
| DRM/NUW/ROAD/NCB/080/081/02 | Upgrading of Dongche Ghyangdada Sisipu Talu Kaseri Road, Dupcheshwor 1 Ghyangfedi | | 2,50,000 | 99,99,857.80 | 3,000 |
| DRM/NUW/ROAD/NCB/080/081/03 | Upgrading of Bhedabari Simtang Silame, Dupceshwor 7 Sikharbesi | | 2,50,000 | 1,00,49,428.66 | 3,000 |
| DRM/NUW/ROAD/NCB/080/081/04 | Upgrading of Samundratar Ramati Mishrabhanjyang Ghyangfedi, Dupcheshwor 6 Samundratar | | 4,00,000 | 1,60,16,685.03 | 3,000 |

4. Purchase, Submission and Opening, Pre bid meeting Details.

| Last date of Purchase of Bids | | Last Date of Bid Submission | | Opening of Bids | | |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time | Bidders may Download the Bidding documents and submit their bids electronically through e-procurement section of PPMO'S website www.bolpatra.gov.np/egp.Bidders should deposit the equivalent fee for Bidding document in the following Revenue Account within the date and Time specified above. |
| 2080/06/09 | 17:00 pm | 2080/06/10 | 12:00 pm | 2080/06/10 | 14:00 pm | |

5. For Purchase of Bidding document bidders have to deposit NRs. 3,000 at Dupcheshwor Rural Municipality, Office Rural Municipal Executive, Samundratar, Nuwakot or Deposit Above Amount in Everest Bank, Samundratar Branch in **Revenue Account No. 06400106200004. If Bidders wish to submit cash security, the cash should be deposit at Everest Bank Branch in Deposit Account No:06400106200002.**
6. All others terms and condition will be as per Nepal Government's Prevailing Procurement Acts and Regulation

**Chief Administrative Officer**

# जयपृथ्वीबहादुर सिंहको १४७औं जन्मजयन्ती मनाइयो




**काठमाडौं/मस**–नेपाल प्रज्ञा-प्रतिष्ठानले नेपाल बालसाहित्य समाज र जयपृथ्वी फाउण्डेसनसँगको सहकार्यमा राष्ट्रिय विभूति जयपृथ्वीबहादुर सिंहको १४७ औँ जन्मजयन्ती मनाएको छ ।

यसअवसरमा व्यानर वाचन गरेर कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले बालसाहित्य विधामा तेजप्रकाश श्रेष्ठलाई जयपृथ्वीबहादुर सिंह सम्मान, चित्रकला विधामा जयपृथ्वी बालप्रतिभा पुरस्कार सुश्री आश्रिती श्रेष्ठ र साहित्य विधामा जयपृथ्वी बालप्रतिभा पुरस्कार समर्पण न्यौपानेलाई प्रदान गरेका थिए ।

यसैक्रममा कुलपति राईले भने, 'जयपृथ्वीबहादुर सिंह एक मानवतावादी र प्रतिरोधी चेतना भएका राणाकालीन संघर्षशील व्यक्तित्व हुनुहुन्थ्यो । उहाँले साहित्य लेखन, शिक्षा, स्वास्थ्य, दर्शन र पत्रकारिताको क्षेत्रमा ऐतिहासिक भूमिका निर्वाह गर्नुभयो । यसले नेपालमा आधुनिक विकास र चेतनाको ढोका खोल्ने महत्वपूर्ण योगदान रह्यो ।'

स्वागत मन्तव्यका क्रममा प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव डा.धनप्रसाद सुवेदीले जयपृथ्वीबहादुर सिंह विद्रोही चेतना भएका व्यक्ति भएको बताए ।

उनले शिक्षा, दर्शन र समाज सुधार लगायतका क्षेत्रमा अनुकरणीय विचार फैलाउन सफल भएको उनले बताए । उनलाई आत्मसात् गर्दै अघि बढ्न सक्नुपर्ने सुवेदीको भनाइ थियो ।

यसैगरी प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा सामाजिक शास्त्र विभाग प्रमुख डा.कौशिला रिसालले जयपृथ्वी बहादुर सिंहले राणाकालीन समयमा सत्यवादी पाठशाला खोलेर जनताका छोराछोरीलाई पढ्ने अवसर प्रदान गर्नु, नेपाली भाषामा आफैँले पाठ्यपुस्तक लेखेर पठनपाठनको थालनी गर्नु महत्वपूर्ण योगदान रहेको बताए । उनलाई शिक्षासेवी, भाषासेवी, साहित्य साधक, समाजसुधारक, मानवतावादी र स्वास्थ्यसेवीको रूपमा लिनुपर्ने उनको भनाइ थियो ।

कार्यक्रममा भाषा आयोगका सदस्य डा. पुष्करराज भट्टले जयपृथ्वीबहादुर सिंहको योगदानबारे चर्चा गरे ।

यसैक्रममा कवि प्रभा भट्टराईले सम्मानित व्यक्तित्वहरूको परिचय गराएकी थिइन् । यसैगरी सोच नेपालका अध्यक्ष डा. दामोदर पुडासैनी 'किशोर', त्रिवि दर्शनशास्त्र विभाग प्रमुख डा. गोविन्दशरण उपध्याय, मानववाद र जयपृथ्वी फाउण्डेसनका अध्यक्ष मीनबहादुर सिंह एवम् पुरस्कृत र सम्मानित प्रतिभाहरूले समेत आ-आफ्नो मन्तव्य राखेका थिए ।

कार्यक्रममा नेपाल बालसाहित्य समाजका सदस्य सुशीला प्रधानाङ्गले धन्यवाद ज्ञापन गरेका थिए ।

यस्तै नेपाल बालसाहित्य समाजका अध्यक्ष प्रमोद प्रधानको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन बालसाहित्य समाजका महासचिव विजयराज आचार्यले गरेका थिए ।


## यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: ATITHI VEG RESTAURANT LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०५/०८ — चलानी नं.: ६०२०६७७० — LT. No.:291557

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,५१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Head Chef | 3 | 0 | | 2400 | ८६,२०८ | | | | | | | |
| 3. | Helper | 3 | 0 | | 1100 | ३५,५१२ | | | | | | | |
| 4. | Waiter | 4 | 0 | | 1100 | ३५,५१२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १७ गते (3 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. २११/०५७/०५८
Morgen Global Hr Consultancy Pvt. Ltd.
Maharajung, Kathmandu, Nepal, Email: admin@morgenglobalhr.com
Tel.: 4416085, 4419885, Mob.: 9843817530, 9823275417



## Malaysia मा वैदेशिक रोजगारको अवसर

कम्पनी: HUASIN FOOD INDUSTRIES SDN. BHD. — शहर: Malaysia, Selangor
पूर्व स्वीकृत मिति: २०८०/०५/०८ — चलानी नं.: ६०२०६७७१ — L.T. No.: 291590

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 80 | 0 | स. काममा दक्ष | 1500 | ४२,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १७ गते (3 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 1527/074/075
Beta Manpower Resources Pvt. Ltd.
Samakhusi-26, Kathmandu, Phone : 4359955, 4359922
E-mail : betamanpowernepal@gmail.com



## SAUDI ARABIA मा रोजगारको अवसर

कम्पनी : ARABIAN MACHINERY AND HEAVY EQUIPMENT COMPANY — शहर: AL KHOBAR
पुर्व स्वीकृत मिति: २०८०/०५/०८ — चलानी नं.: ६०२०६७४५ — L.T. No.:291540

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 16 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,२५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Worker | 2 | 0 | | 1000 | ३५,१४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ १७ गते (3 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

सन हिल्स ओभरसिज सर्भिसेज प्रा. लि.
छाउनी मार्ग, सितापाईला, काठमाडौं, फोन: ०१-५९०४०५८
Gov.Lic. No. 818/066/067
Email : sunhillsoverseas@gmail.com, info@sunhillsoverseas.com, Web: sunhillsoverseas.com
Mobile :9813737367, 9851343372, 9851343472


## मञ्जुश्री फाईनान्स लिमिटेड

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंक बाट ग बर्गको इजाजतपत्र प्राप्त संस्था)

ॐकार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
जि.पि.ओ. बक्स: २३१७०, काठमाण्डौं, नेपाल
फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स : ९७७-१-४७९२५१७
Web: www.manjushreefinance.com.np
Email: info@manjushreefinance.com.np

### कर्जा चुक्ता/नियमित गर्न, गराउन आउन तथा नआएमा कालो सूचिमा राख्ने बारेको ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८०/०५/१०**

यस वित्तीय संस्थाको शाखा कार्यालय चितवनबाट कर्जा लिने देहाय बमोजिमको ऋणीले ऋण लिदा गरिदिनु भएको लिखत र कर्जा स्विकृत पत्रको शर्तमा तोकिए बमोजिम वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पुर्ण बाँकी बक्यौता रकम म्याद भित्र चुक्ता-भुक्तान नगर्नु भएकोले यस वित्तीय संस्थाबाट पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जा चुक्ता गर्ने तर्फ तत्परता नदेखाउनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुरहरु समेतका लेना रकम बुझाउनु हुन/बुझाउन लगाउनु हुन सम्बन्धीत ऋणी तथा सम्बन्धीत पक्षहरुलाई सूचित गरिएको छ । उक्त सूचनाको म्याद भित्र बक्यौता भएको सम्पुर्ण कर्जा रकम वित्तीय संस्थालाई चुक्ता भुक्तान नगरी अटेर गरि बसेमा ऋण लिदाका बखत यस वित्तीय संस्थालाई लेखिदिनु भएको धितोबाट र कथंमकदाचित उक्त धितोबाट असुल उपर हुन नसकी बाँकी रहेको रकम ऋणी वा निजको एकासगोल परिवारका नाउँमा रहेको अन्य चल अचल सम्पत्ति, ऋण लिदा जमानि दिनेका नाममा रहेको वा निजको हकको चल-अचल सम्पत्तीबाट समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानुन बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी वित्तीय संस्थाको लेना रकम असुल उपर गरिलिने तथा ऋणी तथा सम्बन्धीत अन्य पक्षहरुलाई समेत नेपाल राष्ट्र बैंकंबाट क, ख र ग वर्गका इजाजतपत्रप्राप्त संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन नं. २०७९ को १२(९) बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत पुर्व जानकारीका लागि यो सूचना प्रकाशित गरि सूचित गरिएको छ ।

**तपसिल**

| १. ऋणीको विवरण | व्यक्तिगत जमानी दिनेको विवरण |
|---|---|
| **कर्जाको प्रकार : अटो कर्जा**<br>**ऋणीको नाम : मन्दीप मान श्रेष्ठ**<br>बाबु : प्रदिप मान श्रेष्ठ<br>बाजे : बद्रीमान श्रेष्ठ<br>ना.प्र.नं : ३२९१८<br>जारी मिति : २०६३/०८/०१, जि.प्र.का : चितवन<br>ठेगाना : चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. १० को परिवर्तित चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १० । | **व्यक्तिगत जमानिकर्ता : मुन्ना कुमारी श्रेष्ठ**<br>बाबु : रुत्नमान श्रेष्ठ<br>पति : प्रदिप मान श्रेष्ठ<br>ना.प्र.नं : ५००४८<br>जारी मिति : २०४४/०३/३१, जि.प्र.का : चितवन<br>ठेगाना : चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. १० को परिवर्तित चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १० । |
| **व्यक्तिगत जमानिकर्ता : सेलिना श्रेष्ठ**<br>बाबु : गोपाल कुमार श्रेष्ठ<br>पति : मन्दीप मान श्रेष्ठ<br>ना.प्र.नं : ३५१०२५/१२४८<br>जारी मिति : २०६७/०६/०४, जि.प्र.का : चितवन<br>ठेगाना : चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. ०५, को परिवर्तित चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ०४ । | |

## सानिमा बैंक लिमिटेड, शाखा कार्यालय हरिवनका ऋणी तथा व्यक्तिगत जमानतकर्तालाई सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सार्वजनिक सूचना

तपसिलका ऋणीले यस बैंकबाट लिएको कर्जाको बैंकसँग गरेको सम्झौता बमोजिम बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, किस्ता, हर्जाना ब्याज लगायत अन्य बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर आदि रकम नतिरी, नबुझाई बाँकी राखेकाले बैंकबाट बारम्बार मौखिक तथा लिखित तरताकेता गर्दा समेत नबुझाई कर्जा सम्बन्धि शर्त बन्देजहरू उल्लङ्घन गरेको हुँदा सम्पूर्ण बाँकी कर्जा चुक्ता भुक्तान गर्न यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएका मितिले ३५ (पैंतीस) दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान, फछ्र्यौट गर्न गराउन हुन ऋणी तथा जमानी दिनु हुने लगायत सबै सम्बद्ध व्यक्तिहरूलाई सूचित गरिन्छ । यस सूचना समेतको वेवास्ता गरी उल्लेखित समयावधि भित्र सम्पूर्ण बाँकी कर्जा लगायत बैंकलाई बुझाउनु पर्ने सम्पूर्ण दै दस्तुर चुक्ता भुक्तान, फछ्र्यौट नगरेमा कर्जाको सुरक्षणको लागि बैंकमा धितो रहेको चल/अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा प्रचलित ऐन कानून बमोजिम बैंकले आफ्नो कब्जामा लिई वा नलिई लिलाम बिक्री गरि वा नेगोशेसन लगायत अन्य जुनसुकै तरिकाबाट बिक्री गरी बैंकको लेना बाँकी सम्पूर्ण रकम असुल उपर गरिने छ र सो लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणी, जमानी दिनेको घर घरानाको अन्य चल/अचल सम्पत्तिबाट कानून बमोजिम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्नुपर्ने ऋणी, जमानतकर्ताहरू तथा अन्य सम्बद्ध सबै पक्षलाई कालो सूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

**तपसिल:**

| संयुत्त ऋणीको नाम, थर र ठेगाना |
|---|
| बल बहादुर कार्कीको नाती, मोहन बहादुर कार्कीको छोरा, सर्लाही जिल्ला, हरिवन नगरपालिका/गा.वि.स. वडा नं ९ बस्ने **दुर्गा बहादुर कार्की...... १** |
| मोहन बहादुर कार्कीको नाती, दुर्गा बहादुर कार्कीको छोरा सर्लाही जिल्ला, हरिवन नगरपालिका/गा.वि.स. वडा नं ४ बस्ने **सुदिप कार्की....१ समेत जना गरी २ ।** |
| **व्यक्तिगत जमानतकर्ताको नाम, थर र ठेगाना** |
| मोहन बहादुर कार्कीको बुहारी, दुर्गा बहादुर कार्कीको श्रीमती, सर्लाही जिल्ला, हरिवन नगरपालिका/गा.वि.स. वडा नं. ४ स्थायी ठेगना भई हाल सर्लाही जिल्ला, हरिवन नगरपालिका/गा.वि.स. वडा नं. ९ बस्ने **नन्द कुमारी कार्की ।** |
| **धितो सुरक्षणको विवरण** |
| **दुर्गा बहादुर कार्की**को नाममा मालपोत कार्यालय सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेका सर्लाही जिल्ला, हरिवन नगरपालिका/गा.वि.स. वडा नं. २ को कित्ता नं. ४५ र ७३ को क्रमशः ०-१६-७-० र ०-१-१२-० (बि.क.धु.क) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

सानिमा बैंक — www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०५/१०**

**ड्रिम भ्याली फाइनन्सियल म्यानेजमेन्ट एण्ड कन्सल्टिङ्ग प्रा.लि.** को मिति २०८०/०३/०१ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ड्रिम बिजनेश प्रा.लि. (प्रा.लि. नं.: १८६९३२)** कायम गर्ने गरी मिति २०८०/०४/३० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना

नेपाल क्रिकेट संघको विधान २०५५ को चौंथो संसोधन २०८० बमोजिम बागमती प्रदेश क्रिकेट संघले आफ्नो चार वर्ष कार्यकाल पुरा गरी दोश्रो साधारण सभा तथा अधिवेशन गर्ने निर्णय गरेको हुँदा यस संघका पदाधिकारी, कार्यसमिति सदस्यहरु तथा बागमती प्रदेश क्रिकेट संघ अन्तर्गतका सम्पूर्ण जिल्ला क्रिकेट संघका प्रतिनिधिहरुलाई निम्न मिति, समय र स्थानमा उपस्थिति जनाईदिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

**मिति** : **२०८०/०५/१५**
**समय** : **बिहान ११ बजे**
**स्थान** : **सिद्धार्थ ब्यांक्वेट, धोबीघाट, ललितपुर**

## इलेक्ट्रो पावर कम्पनी लिमिटेड

**(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)**
**कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा-१, नक्साल, काठमाण्डौं**
**फोन नं. ०१ ४४४४९४७ ईमेल:** electropower040@gmail.com

### विशेष साधारणसभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित २०८०/०५/१०**

**श्री शेयरधनी महानुभावज्यूहरु,**

यस इलेक्ट्रो पावर कम्पनी लिमिटेडको मिति २०८०/०५/०८ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको विशेष साधारणसभा तपसिलबमोजिमको मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्नुपर्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थान :**

**मिति:** २०८० साल भाद्र २४ गते आइतबार (तदनुसार सन् २०२३ सेप्टेम्बर १०)
**समय** :बिहानको ठिक १०:०० बजे ।
**सभा हुने स्थान** :कम्पनीको केन्द्रिय कार्यालय, का.म.न.पा–१, नक्साल, काठमाण्डौं ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयहरु:**

**(क) प्रस्तावहरु :**
१. कम्पनीको संचालक समिति पुनर्गठन गर्ने सम्बन्धमा ।
२. विविध ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## Kamal Rural Municipality
## Office of Rural Municipal Executive

**Koshi, Province, Jhapa**

### Invitation for Electronic Bids

**First Date of publication: 2080/05/10 (2023/08/27)**

1. Kamal Rural Municipality, Topgachhi, Jhapa invites electronic bids from eligible bidders for the following Construction works.

| Contract ID No. | Name of the Procurement | Procurement method | Eastimated Amount (with VAT & PS) (NRs) | Pre Bid Meetting | Bid Security Amount (Nrs) | Bid Document Fee (NRs) | Bid Submission Date | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 02/KRM /ROAD /2080/081 | Construction of Blacktopped Work Basbari To Sunara Connecting Road | NCB-WORKS | 93,84,856.90 | 2023/09/17 (2080/05/31) 11:00 AM | 2,10,000.00 | 3,000.00 | 2023/09/26 (2080/06/09) 12:00 NOON | 2023/09/26 (2080/06/09) 13:00 NOON |
| 03/KRM /ROAD /2080/081 | Construction of Asphalt Concrete Road In Gurung Tole (Chainage 0+430 to 0+886 ) | NCB-WORKS | 94,01,861.28 | | 2,10,000.00 | 3,000.00 | | |

2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Kamal Rural Municipality, Topgachhi, Jhapa 023-475081, info@kamalmun.gov.np or may visit PPMO e-GP systemwww.bolpatra.gov.np/egp.

**Chief Administrtive Officer**


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!

TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

सम्पादकीय

## धरानमा चाहिएको सद्भाव

सामाजिक सद्भाव भड्कने संभावनालाई अनुमान गर्दै स्थानीय प्रशासनले लगाएको निषेधाज्ञाले धरान शहर शनिबार दिनभर सुनसान रह्यो । शनिबार हिन्दू अभियान्ताले प्रदर्शनको तयारी गरेको र त्यसको प्रतिवादमा पहिचान पक्षधर उत्रने प्रचार भएपछि प्रशासनले निषेधाज्ञा लगाएको थियो । डेंगूको महामारीलाई कारण देखाएर प्रशासनले लगाएको निषेधाज्ञको उद्देश्य भने संभावित दुर्घटना रोक्नु नै थियो । प्रशासनलाई धरानका राजनीतिक दलहरू, नागरिक समाज, जनप्रतिनिधि र पूर्वजनप्रनिधिहरूले साथ दिएका थिए । यी सबैको उद्देश्य बमोजिम धरान शनिबार शान्त नै रह्यो । तर त्यो शान्ति निषेधाज्ञाका कारणले भएको थियो । कुनैपनि बेला सद्भाव भड्कने भय बाँकी नै छ । किनकि धर्मको विषयलाई लिएर सामाजिक सञ्जालमा फैलाइएको अतिवादी प्रचारका मूल कारण हल हुन सकेको छैन । शनिबारको दिन बितेको मात्रै हो ।

धरानलाई त्रसित बनाउनेगरी प्रचार गर्ने हिन्दू अभियान्ता र त्यसको प्रतिवादमा उत्रिएकाहरूबीच कुनै सहमति जुटेको छैन । यद्यपि आवेगलाई शान्त पार्न समय लिएको राम्रो हुन्छ, जुन काम शनिबार भएको छ । तर यस्तो बिषयलाई बेवास्ता गर्न हुन्न । समाधान भएको सन्देश दिएर मात्रै ढुक्क हुन सकिन्छ । त्यो भनेको एकअर्कामा घृणा फैलाउनेगरी कुनैपनि पक्षबाट गतिविधि र प्रचार नगर्ने सहमति जुट्न आवश्यक छ । अझ धरानबासीकै अपिल चाहिँ धरानको समस्यालाई लिएर बाहिरकाहरूले अनावश्यक प्रचार नगरेको राम्रो हो । त्यहाँ देखिएको साम्प्रदायिक भड्काव ल्याउने गतिविधिका पक्ष र विपक्षलाई स्थानीय प्रशासनको नेतृत्वमै सहमतिमा ल्याउन आवश्यक छ । तर स्थानीय पहलकदमी कम हुने र बाहिरकाहरूले आवश्यकता भन्दा बढी चासो लिइदा समस्या समाधान नभएर बढावा हुन जान्छ ।

धरानको समस्या समाधानका लागि विशेष पहलकदमीको खाँचो पर्नाको मुख्य कारण यो समस्या अरूतिर नसरोस् भन्नलाई हो । किनकि धरानमा जस्तो समस्या देखाइएको छ, त्यसको असर तत्काल अरूतिर पर्नसक्छ । साम्प्रदायिक विषय नै एकठाउँ नबसी रहने प्रकृतिको हुन्छ । त्यस्तो हुन नदिने मूल दायित्व नेतृत्वको हो । राजनीतिक नेतृत्वले सही निर्णय लिएर आमसन्देश दिएमा समस्या निकासतिर जानेछ । सँगै आमनागरिकले पनि हिंसालाई बल पुग्नेगरी अभिमत अथवा गतिविधि नगर्नु पहिलो दायित्व हो । आ–आफ्नो ठाउँमा रहेर सद्भाव कायम राख्नुको अर्को विकल्प कसैसँग छैन ।

# घरेलु मदिराको ब्राण्डिङमा अवसर र चुनौती

*प्रदेश सरकार र स्थानीय सरकारलाई सक्षम, सवल र प्रभावकारी बनाउनका निम्ति संविधानको मर्म र भावनालाई सम्बोधन गर्नका निम्ति संघीय सरकारले, संघीय कानूनमा संशोधन गर्नुपर्ने वा नयाँ कानून बनाउनुपर्ने वा प्रदेश सरकारलाई त्यो अधिकार संघले दिनुपर्ने देखिन्छ ।*

अग्रलेख



● सुनिल आचार्य

घरेलु मदिराको ब्राण्डिङ र बजारीकरणको चर्चा वडादेखि संसदसम्म हुने गरेको छ । प्रदेश सरकार, स्थानीय सरकारको वार्षिक नीति तथा कार्यक्रममा यस शीर्षकलाई समेटिएको पाइन्छ । कतिपय स्थानीय तहले त घरेलु मदिरा उत्पादन, नियन्त्रण व्यवस्थापन तथा नियमन गर्न ऐन तथा कार्यविधि बनाएर बसेका छन् । कोशी प्रदेशले त दुई वर्ष अगाडिको वार्षिक नीति तथा कार्यक्रम नै तयार गरी कार्यान्वयनमा ल्याएको थियो । आ.ब. २०८०/०८१ मा गण्डकी तथा लुम्बिनी प्रदेश सरकारले घरेलु मदिरालाई ब्राण्डिङ तथा बजारीकरण गरी कानूनी मान्यता दिने घोषणा गरेका छन् । त्यसैगरी आ.ब.२०७९/०८० को वार्षिक नीति तथा कार्यक्रममा ककनी गाउँपालिकाले घरेलु मदिरा आइरकलाई ब्राण्डिङ तथा बजारीकरण गर्ने कार्यक्रम नै सञ्चालन गरेको थियो । घरेलु मदिरालाई गुणस्तरीय र मापदण्डयुक्त र वैद्य बनाउनु पर्ने माग नयाँ भने पक्कै होइन ।

मुलुक संघीय संरचनामा गएपछि प्रदेश सरकार र स्थानीय सरकारले यसको माध्यमबाट रोजगारी सिर्जना गरी घरेलु मदिरालाई व्यवस्थित गर्ने प्रयास गरेका छन् । तीन तहको सरकारको संघीय सभा, प्रदेश सभा र स्थानीय सभामा पनि यस विषयको प्रवेशसँगै व्यापक छलफल तथा बहस भएको छ । यसलाई व्यवस्थित गर्न नसकेकाले घरेलु मदिराको लुकिछिपि र कतिपय ठाउँमा त खुलेआम पनि बिक्रि वितरण भइरहेको पाइन्छ । सर्वोच्च अदालतले केही वर्षअघि संस्कारजन्य कार्यका लागि एक परिवारले वार्षिक ३० लिटरसम्म घरेलु मदिरा उत्पादन गर्न पाउने फैसला गरेपनि व्यवसायिक उत्पादन र बिक्रि वितरणमा घरेलु मदिरा बन्देज नै छ ।

### घरेलु मदिराको ब्राण्डिङमा कानूनी व्यवस्था

मदिरा ऐन २०३१, को दफा ३ बमोजिम इजाजत पत्र नलिई कसैले पनि मदिरा उत्पादन, सञ्चय तथा बिक्रि वितरण गर्न नपाउने व्यवस्था संघीय कानूनमा छ । त्यसैगरी, अन्तशुल्क ऐन २०५८ र अन्तशुल्क नियमावली २०५९ बमोजिम इजाजत पत्र नलिई मदिराको उत्पादन, बिक्रि वितरण, बजारीकरण गर्न नपाउने त्यस्तो गरेको खण्डमा अन्तशुल्क विभाग, अन्तशुल्क कार्यालय र प्रहरीसँग मिलेर मदिरा उद्योगको तथा व्यवसायको अनुगमन तथा नियमन गर्दछ । साथै, मदिरासँग सम्बन्धित गम्भीर प्रकृतिका घटनाको मुद्दासमेत चलाउने अधिकार मदिरा ऐन, २०३१ ले संघीय कार्यालयलाई दिएको छ ।

औधोगिक व्यवसाय ऐन, २०७६ को दफा ४ को (क) मा अनुमति लिनुपर्ने उद्योग, उद्योग विभागमा दर्ता गर्नुपर्ने व्यवस्था र मदिरा उद्योगको हकमा त औद्योगिक प्रवर्द्धन बोर्डबाट अनुमति लिनुपर्ने व्यवस्था छ । त्यसैगरी, औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसुची-१ मा उल्लेखित उद्योगहरुको दर्ता, अनुमति, खारेजी र व्यवस्थापन गर्ने, आईईई स्वीकृत गर्ने अधिकार उद्योग विभागमा छ ।

पेटेन्ट, डिजाईन र ट्रेडमार्क ऐन २०२२, बमोजिम नयाँ उद्योग स्थापना गर्दा उद्योग विभागबाट ट्रेडमार्क दर्ता प्रमाणपत्र लिनुपर्ने । अन्तशुल्क निर्देशिका २०६८ (परिमार्जित २०७९) को नियम २.२४ मा ५७.०६ प्रतिशतभन्दा कम अल्कोहलको मिश्रणबाट बनेको मादक पदार्थलाई तयारी मदिरा भनिन्छ भन्ने शब्दले गुणस्तरियतालाई पनि जोड दिएको छ । यसको अनुगमन तथा नियन्त्रण गर्ने कार्य पनि अन्तशुल्क विभाग र कार्यालयको रहेको छ । त्यसैगरी, सोही निर्देशिकाको नियम ४.२ मा अन्तशुल्क लाग्ने वस्तु मदिरा जन्य पदार्थको उत्पादनको हकमा नयाँ उद्योग स्थापना गर्नका लागि 'क'देखि 'त'सम्म १६ वटा भौतिक पुर्वाधार मदिरा उद्योगको हकमा निर्माण गर्नुपर्ने उल्लेख छ । मदिरा नियमहरु २०३३ को नियम ३ को इजाजत माग गर्दा सोही नियमहरुको अनुसुची -१ बमोजिमको विवरण पेश गर्नुपर्ने उल्लेख छ ।



> *मुलुक संघीय संरचनामा गएपछि प्रदेश सरकार र स्थानीय सरकारले यसको माध्यमबाट रोजगारी सिर्जना गरी घरेलु मदिरालाई व्यवस्थित गर्ने प्रयास गरेका छन् । तीन तहको सरकारको संघीय सभा, प्रदेश सभा र स्थानीय सभामा पनि यस विषयको प्रवेशसँगै व्यापक छलफल तथा बहस भएको छ । यसलाई व्यवस्थित गर्न नसकेकाले घरेलु मदिराको लुकिछिपी र कतिपय ठाउँमा त खुलेआम पनि बिक्री वितरण भइरहेको पाइन्छ ।*

अन्तशुल्क ऐन २०५८ को दफा ९ बमोजिमको इजाजत लिनुपर्ने, दफा ९ (क) मा इजाजत स्थगन गर्न सक्ने, दफा ९ (ख)मा इजाजत निलम्बन गर्नसक्ने, दफा १० मा इजाजत रद्द गर्न सक्ने कानूनी अधिकार संघमा रहेको । मदिरा ऐन, २०३१ को दफा ६ बमोजिम इजाजत लिनुपर्ने दफा ६ (क) इजाजत पत्र दिनुपर्ने, दफा ६ ख इजाजत पत्रको अवधि र नविकरणको व्यवस्था दफा ६ ग मा इजाजत पत्र रद्द गर्न सक्ने कानूनी अधिकार पनि संघमा रहेको । मदिरा ऐन, २०३१ ले घरेलु मदिरालाई वैधानिकता दिएको छैन । सोही ऐनमा टेकेर नेपाल प्रहरी तथा सशस्त्र प्रहरीले घरेलु मदिरा नस्ट गर्ने अभियान नै बेला-बेलामा सञ्चालन गर्छ । यी विभिन्न कानूनको अधिकार संघमा रहेको र यी संघीय कानूनमा जटिलता भएकाले प्रदेश सरकार र स्थानीय सरकारको एकल प्रयासले घरेलु मदिराको उत्पादन बजारीकरण गर्न सम्भव देखिन्न । यसमा संघीय सरकारले नै नेतृत्वदायी भुमिका नखेलेसम्म यसको कल्पनासम्म गर्न प्रदेश र स्थानीय सरकारलाई गाह्रो छ । सीप, स्रोत, साधन र प्रविधिको अभावबिच समान गुणस्तरीयता र एकरूपता कायम गर्न घरेलु मदिराको अनुसन्धान र ब्राण्डिङ गर्न स्थानीय सरकार र प्रदेश सरकारलाई धेरै चुनौती छ ।

नेपालको संविधानको धारा २३२मा समन्वय सहकार्य र सह-अस्तित्वको सिद्धान्त बमोजिम संघीय इकाइहरु संचालन हुने मान्यता राखेको छ । त्यसैगरी, धारा ५७ को उप-धारा ६मा संघसँग बाझिएको हकमा प्रदेश र स्थानीय तहको कानून अमान्य हुने छ भन्ने व्यवस्थाको कारण प्रदेश सरकार र स्थानीय सरकारले बनाएका कानून तथा कार्यविधिले यसलाई निष्कर्षमा पुऱ्याउन नसकिने देखिन्छ । त्यसैले प्रदेश सरकार र स्थानीय सरकारलाई सक्षम, सबल र प्रभावकारी बनाउनका निम्ति संविधानको मर्म र भावनालाई सम्बोधन गर्नका निम्ति संघीय सरकारले, संघीय कानूनमा संशोधन गर्नुपर्ने वा नयाँ कानून बनाउनु पर्ने वा प्रदेश सरकारलाई त्यो अधिकार संघले दिनुपर्ने देखिन्छ ।

घरेलु मदिराको गुणस्तरियतामा ध्यान दिन नसक्दा नागरिकको ज्यानै जान सक्ने घटना नघटेका पनि पक्कै होइनन् । मदिरा जस्तो जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएको विषयको अध्ययन अनुसन्धान तथा असर प्रभावको बारेमा पक्कै पनि अध्यायन गर्नुपर्छ । नेपाली कोदोको मदिरा संसारमा चलेको अरु मदिराभन्दा स्वादमा भिन्न रहेको अनुसन्धानबाट देखिन्छ । यसमा कोदोको साथै विभिन्न जडिबुटी फलफुल र वनस्पतिको फुल प्रयोग गरेर बनाइने भएकोले यसको स्वाद र गुणस्तर दिगो रहने अनुसन्धानबाट देखिन्छ ।

संघीय कानूनको विभिन्न जटिलता देखेर तत्काल यस्ता उद्योग खोल्न नसक्ने भएकोले यस्तो अवसरको रूपमा घरेलु मदिराको स्वाद र गुणस्तरियता कायम गर्दै जापानले 'नेपाली कोदोको रक्सी' नामांकरण तथा ब्राण्डिङ गरी जापानमै उत्पादन गरी नेपाली बजारमा बिक्री वितरण गर्दै आएको छ । आर्थिक वर्ष २०७९/८०को भन्सार विभागको तथ्यांकअनुसार तीन लाख ४१ हजार लिटर विदेशी मदिराजन्य पदार्थ ४९ आइटममा सो वापत तीन अर्ब रूपैयाँको विदेशी मदिरा र कच्चा पदार्थको नेपालमा आयात भएको छ । यसलाई पूर्णरूपमा कार्यान्वयन गर्न सके तीन अर्बको व्यापार घाटा कमी गर्न सकिन्छ । यस समस्या समाधानमा संघीय सरकारले अग्रसरता देखाएमा घरेलु मदिरा उद्योग संचालन हुने रोजगारीको अवसर सिर्जना हुने, महँगो विदेशी मदिराको आयात घटाई निर्यात प्रवर्द्धन गर्न सकेमा स्थानीय मदिराको ब्राण्डिङ हुने, स्थानीय सीप प्रविधिको विकास हुने, घरेलु मदिरा करको दायरमा आउने, अखाद्य पदार्थको मिसावटमा नियन्त्रण हुने, घरेलु मदिराको स्वादमा एकरूपता आउने, स्वस्थ प्रतिस्पर्धाको विकास हुने भएकाले यस्को दिगो विकासका लागि संघीय सरकारले संघीयताको वितृष्णा जनतामा आइरहेको बेलामा प्रदेश र स्थानीय सरकारलाई जनताको भ्वाईस, च्वाईस र राईटलाई सम्बोधन गर्नका लागि पहल कदमी लिनुपर्ने देखिन्छ ।

*(लेखक आचार्य, ककनी गाउँपालिकाका सूचना अधिकारी हुन् ।)*

## सामाजिक सञ्जाल



**- सुर्यराज आचार्य**

सहरी सडक मात्र हैन, हाम्रा राजमार्ग पनि शहरको मध्यभाग हुँदै जान्छन् । यी सडकको नयाँ निर्माण या पुनर्निर्माण गर्दाको चरणमा नै खानेपानी/ढलको पाइप तथा टेलिफोन, इन्टरनेट र बिजुलीका तार भूमिगत गर्ने, पाइप बिछ्याउने नियम बनाउँ । बाटो निर्माण भएपछि पाइप बिछ्याउन सडक खन्न नपाउने नियम बनाउँ ।



**- हरि रोका**

मुलुकमा जब आर्थिक, सामाजिक र राजनीतिक रूपान्तरणका मुद्दाहरू पन्छाइन्छन् वा थाँती राखिन्छन् त्यसले राजनीतिक दलहरू र जनताको बीचमा ठूलो खाली ठाउँ पैदा हुन्छ । जब उदार प्रगतिशील तप्का आममानिसको जीवनयापनको मुद्दा हल गर्न चुक्छ, त्यो समयमा धार्मिक अतिवादीहरूले नै राजनीतिको खाली ठाउँ भर्ने हो ।



**- नवराज पन्त**

रेमिट्यान्सबाट आएको रकम परिवारले दैनिक जीवनयापन (८०.८%), उपचार(५८%) र शिक्षा(५१.१%)मा धेरै खर्च गरेको पाइन्छ तर, यो तिनै कुरा नेपालमा महँगो छ । विदेशी फुड आयातमा कोटा प्रणाली लगाएर नियन्त्रण गर्ने र त्यही उद्योग नेपालमा खोल्न प्रोत्साहन गर्ने हो भने नेपाल धनी हुन सक्छ ।



**- सेतेमान तामाङ**

धरानमा जसरी आगो लगाउन खोज्दैछन्, ती आगो लगाउनेहरुले अरुलाई जलाउन खोज्दा आफू जल्न सक्छन् भन्ने बारेमा सोचेको छन् कि छैनन् ? आगो लागेपछि निभ्न गाह्रो हुन्छ । एक जनाले लगाएको आगो हजारौं जनाले निभाउन सकिँदैन । धरान जानु भनेको आगो लगाउन जानु हो । सजग, सचेत र संयमित बनौं ।

# 'मजदुर समाज' नै किन ?

विचार



● समर्पण भट्टराई

> *आज विश्वभर छरिएर रहेका नेपाली मजदुरहरु पीडामा छन् । ती मजदुरले पठाएको रेमिट्यान्सबाट मुलुक चलेको छ, तर उनीहरुको पीडालाई सम्बोधन गर्ने निकाय छैन । यो परिस्थितिमा स्वयं मजदुर एकताबद्ध हुँदै आफ्ना अधिकारका निम्ति लड्नु अपरिहार्य बनेको छ ।*

यो देशमा राज्य व्यवस्था र नागरिकको अवस्था परिवर्तनको निम्ति २००७ सालदेखि थुप्रैपटक आन्दोलन, जनसंघर्ष, जनयुद्ध नभएका पनि होइनन् । व्यवस्था र अवस्था बदल्ने भन्दै कयौं राजनीतिक दलहरू नजन्मिएका पनि होइनन् । तर, बिडम्बना नै भन्नुपर्छ ७२/७३ वर्षको यो अवधिमा वास्तविकरूपमा कुनै परिवर्तन हुन सकेन अर्थात् औपचारिकतामा व्यवस्था बदलिएको भएता पनि नागरिकको अवस्था बदलिएन । बरु उल्टै भाडामा श्रमिकहरु उत्पादन गर्ने देशको नेपाल चिनिन पुग्यो । स्थायी शान्ति, सुशासन कायम हुन नसकेकै कारण देश जर्जर संकटग्रस्त अवस्थामा आइपुगेको छ । महँगी र भ्रष्टाचार झनै चरम उत्कर्षमा पुगेको छ । सत्ता र सरकार आज पनि विदेशीहरुको इशारामा नै चलिरहेको महसुस हुन्छ । सत्ताको नेतृत्व वास्तविक जनताको प्रतिनिधिले नभएर विदेशी एजेण्ड र माफियाका प्रतिनिधिहरुले गरिरहेको आभास यतिबेला आम श्रमिकहरुले गरिरहेका छन् । यसकै परिणामस्वरूप आज देश र नागरिक झन्-झन् कंगाल बन्दै जाँदैछन् । यो बारेमा कसैको ध्यान जान सकेको छैन ।

गरिबी र बेरोजगारी समस्याले विकराल रूप लिँदैछ । अवस्थालाई हेर्दा, नियन्त्रण बाहिर गइरहेको देखिन्छ । कुनै ठूला उद्योग तथा कलकारखानाहरु निर्माण र संचालन गर्न भन्दा पनि भएकाहरुलाई बेचेर कमिशन खानेतिर मात्रै मुलुक केन्द्रित छ । राष्ट्रिय ढुकुटी र सम्पदा विदेश पलायन तिब्ररूपमा भैरहेको छ, अनि देश भने वैदेशिक रोजगारीमा गएका श्रमिकहरुले पठाएको रेमिटान्सबाट चलिरहेको छ । यही रेमिट्यान्सबाट सत्तामा बसेर भत्ता खाएर मोजमस्ती गर्नेहरूलाई न देशको चिन्ता छ न रेमिटान्स पठाउने श्रमिकहरुको नै । यति निर्ज्जल र लाचार भएको छ राज्य, जसको लेखाजोखा गर्ने अवस्था छैन । अर्कोतिर, यतिबेला वैदेशिक रोजगारी नेपालीहरुको बाध्यात्मक विकल्पको रूपमा रहँदै आएको छ । श्रमिकहरु चरम शोषण र अन्यायमा छन्, तर बिडम्बना, राहदानी बनाउने प्रक्रियाबाट नै दलाल र बिचौलियाको फन्दामा पर्नुपर्ने अवस्था सिर्जना भएको छ । अर्कोतर्फ, वैदेशिक रोजगारीमा जानको लागि सिधै मेनपावरसम्म पुग्न सक्ने अवस्था छैन । राज्यले अनलाईनमार्फत वैदेशिक रोजगारी आवश्यक प्रक्रिया गर्न सकेको छैन या बिचौलियाको प्रभावमा भनौ या आर्थिक लाभमा परेर यो व्यवस्था गर्नेतर्फ अग्रसर देखिन्न । घरबाटै कयौं विचौलियाहरु मार्फत मेनपावर पुग्ने श्रमिकहरु मेनपावर पुग्नु अगाडी नै लुटिन सुरु भैसकेका हुन्छन् । मेनपावरमा गएर अझ लुटिन्छन् । किस्ता-किस्तामा लुटिँदै विदेश पुगेका नेपाली श्रमिकको अवस्था झन् कहालीलाग्दो छ । त्यहाँ पनि नेपालीहरुका थुप्रै लुट धन्दा चलाउने स्रोत र बाटाहरु खडा भएका छन् अथवा नेपालीहरुबाट नै लुटिन्छन नेपाली ।

कसैले नेटवर्किङ्ग बिजनेस त कसैले विभिन्न संघ संस्थाको नाम सदस्य बनाएर तिनै सोझा सिधा श्रमिकलाई लुटेर आफ्नो महल बनाउने दौडधुपको अभियान चलाइरहेका हुन्छन् । विदेशमै पनि कोहीले हामी नै तिमिहरुको अभिभावक भन्दै लुटछन्, कोही नेपालबाट नै इमोशनल ब्ल्याक मेल गर्दै विभिन्न अभियानमार्फत दबाब र प्रभावमा पारेर लूट धन्दा चलाइरहेका छन् । योबारेमा सरकार जानकार भएर पनि बेखबर झैं छ तर, यिनै श्रमिकहरु दु:ख पीडा अप्ठ्यारामा र अन्यायमा पर्दा पनि सरकार मौन बन्छ ।

यस्तो बिडम्बनापूर्ण अवस्थामा छौ हामी नेपाली श्रमिकहरु । यस्तो अवस्थामा स्वयम् मजदुरहरु नै वास्तविक अभिभावक बन्नुपर्ने अवस्था बनेको छ । 'राजनीतिक छत्रछाँयाभन्दा बाहिर रहेर मजदुरका लागि मजदुर' भन्ने मुल नारासहित आम मजदुरहरु एकताबद्ध हुन आवश्यक देखिएको छ । २८ जुलाई २०१९ का दिन मलेशियाको क्वालालम्पुरबाट औपचारिक रूपमा स्थापना भएको नेपाली मजदुर समाज यतिबेला आफुलाई मजदुरहरुको साझा अभिभावक बनाउन प्रयासरत छ । मजदुरहरुको पीडालाई बुझ्न र सम्बोधन गर्न मजदुर आफैंले नै नेतृत्व लिनुपर्छ भन्ने अठोटसहित अगाडि बढिरहेको छ । तसर्थ, एक पटक सम्पूर्ण नेपाली श्रमिकहरु एकताबद्ध भएर अगाडि बढ्ने हो भने यी र यस्ता थुप्रै समस्या हरुको समाधान गर्न हामी आफै सक्षम हुन्छौं । नयाँ राष्ट्र निर्माणमा पनि हामीले महत्वपूर्ण भुमिका निर्वाह गर्न सक्छौं । एकता नै सबैभन्दा ठूलो शक्ति हो भन्ने कुरालाई हामीले आत्मसात गर्दै सम्पूर्ण स्वदेश तथा विदेशमा विभिन्न क्षेत्र र भूगोलमा कार्यरत हामी नेपाली श्रमजीवीहरु गोलबन्द बनौ र हाम्रो आवाज पीडा र समस्यालाई सम्बन्धित निकायसम्म पुऱ्याएर हामीमाथिको उत्पीडन, अन्याय र शोषणलाई सधैंका लागि सबैका लागि अन्त्य गरौं । यो नै नेपाली मजदुर एकता समाजको मुलभूत उद्देश्य र प्रमुख कार्यभार हुनसक्छ ।

*(लेखक भट्टराई, नेपाली मजदुर एकता समाजका केन्द्रीय महासचिव हुन् ।)*

## तपाईंको राशिफल

मेष : नयाँ सम्बन्धमा वृद्धि हुनेछ । अरुको सहयोग पाइनेछ ।

वृष : आय राम्रो हुनेछ । अनावश्यक कार्य गर्नु हुँदैन ।

मिथुन : वाहन चलाउँदा सावधानी राख्नुपर्छ । नयाँ सम्पर्क बढ्नेछ ।

कर्कट : अनावश्यक डरले सताउनेछ । जग्गासम्बन्धी कार्य सफल हुनेछ ।

सिंह : आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । सन्तान सुख प्राप्त हुनेछ ।

कन्या : पद र प्रतिष्ठामा वृद्धि हुनेछ । कृषिजन्य कार्यमा लाभ हुनेछ ।

तुला : दाम्पत्य जीवनमा समझदारी र सुझबुझपूर्ण ढंगबाट अगाडि बढ्नेछ ।

वृश्चिक : स्वास्थ्य राम्रो रहनेछ । राजनीतिक कार्यमा लाभ प्राप्त हुनेछ ।

धनु : रुकावटपछि सफलता प्राप्त हुनेछ । अनावश्यक तनावको योग छ ।

मकर : सामाजिक जीवन प्रभावशाली रहनेछ । लेनदेनमा सावधानी अपनाउनुहोला ।

कुम्भ : राजकीय कार्यमा वृद्धि हुनेछ । मुकद्मा सम्बन्धी समस्याको योग छ ।

मीन : पारिवारिक सहयोग राम्रो रहनेछ । कार्य सफल हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# देव उद्यान गौशालालाई बक्यौता बुझाउन आग्रह

**काठमाडौं/मस**–पशुपति क्षेत्र विकास कोषले देव उद्यान गौशालालाई मंगलबारसम्म बक्यौता बुझाउन आग्रह गरेको छ । कोषले शनिबार एक सार्वजनिक सूचना निकालेर तिर्नुपर्ने बाँकी बक्यौता बुझाउन र नयाँ सम्झौता गर्न गौशालालाई अनुरोध गरेको विकास कोषका कार्यकारी निर्देशक डा घनश्याम खतिवडाले जानकारी दिए ।

उनका अनुसार कोषको साउन १ गतेको निर्णयबाट गठित बाँकी बक्यौता असुली कार्य टोलीले स्थलगत रुपमा अनुगमन गरी कोषअन्तर्गत रहेका पसल, पार्किङको बक्यौता रकम कार्यालयमा दाखिला गर्न अनुरोध गरेको थियो ।



पटक पटकको टेलिफोन सम्पर्कबाट ताकेता गर्दा केही सञ्चालक व्यक्ति/फर्म/संस्थाले आंशिक रकम कोषको बैंक खातामा दाखिला गरी कोषको कोष तथा आय लेखा व्यवस्थापन शाखामा भौचर बुझाएको र त्यसमा पनि कतिपयले आंशिक मात्रै र कतिपयले नबुझाएको पाइएकाले भदौ १२ गते कार्यालय समयभित्र बाँकी बक्यौता बुझाउन सम्बन्धित सबैलाई अनुरोध गरिएको छ ।

कोषले पत्राचार गरेको र कारणवस पत्र नपाएको भए सूचनालाई नै आधार मानेर तोकिएको समयसीमाभित्र आफूले तिर्न बाँकी रकम बुझाउन जानकारी गराएको छ ।

म्यादभित्र बाँकी बक्यौता नबुझाउनेलाई बक्यौता असुली कार्य टोलीको सिफारिसअनुसार कानुनी प्रक्रियाअनुसार कालोसूचीमा राखेर सम्बन्धित व्यक्ति/संस्था/फर्म/कम्पनीको बैंक खातासमेत रोक्का राख्न सिफारिस गरी सरकारी बाँकीसरह असुलउपरको कारबाही गरिने चेतावनी दिइएको कोषका कार्यकारी निर्देशक डा.खतिवडाले बताए ।

# प्रदेश सांसद चौधरीद्वारा बेदमाता गायत्री ट्रष्टको भवन शिलान्यास

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, ९ भदौ

सिरहामा करिब १५ लाख रुपैयाँ लागतमा बेदमाता गायत्री ट्रष्टको भवन निर्माण हुने भएको छ । जिल्लाको धनगढीमाई नगरपालिका-१ मेदनिपुरमा प्रदेश सांसद राजेन्द्र प्रसाद चौधरीको संसदीय कोषबाट भवन निर्माण हुने भएको हो ।



हिन्दु धार्मिक परम्परा अनुसार विधिवतरूपमा प्रदेश सांसद चौधरीले उक्त भवनको भूमि पूजा गर्दै शिलान्यास गरेका छन् । सो अवसरमा समाजसेवी सुशील चन्द्र अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि सिरहा क्षेत्र नम्बर १ क का प्रदेश सभा सदस्य चौधरी, विशिष्ट अतिथि धनगढीमाई नगरपालिकाका मेयर शिव शंकर महतो, वडा नं १ का अध्यक्ष सूर्य नारायण यादव, भागवत कथा वाचक राम कुमार यादव, अध्यक्ष मागैन महतो, सचिव ज्ञानेन्द्र कुमार चौधरीलगायतको उपस्तिथि रहेको थियो ।

# ‘समाचार लेखेकै कारण असुरक्षित भएँ’

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, ९ भदौ

पत्रकार मनोहर पोखरेलले समाचार लेखेकै कारण आफु असुरक्षित भएको बताएका छन् ।

नेपाल पत्रकार महासंघ सप्तरी शाखाका सल्लाहकार एवम् मानवअधिकारकर्मी समेत रहेका पोखरेलले आफूलाई प्रहरी प्रशासन, नेता र गुण्डाहरुबाट धम्काउन थालिएको बताए ।

शुक्रबारको अंकमा अन्नपूर्ण पोस्ट दैनिकको प्रथम पृष्ठमा प्रकाशित ‘प्रहरी हिरासतमै बलात्कार’ शिर्षकको समाचार लेखेकै आधारमा आफुले असुरक्षित महसुस गरिरहेको उनले बताए ।

मानवअधिकार ज्यादती पीडितको सहायताका लागि साउन १५ गते जिल्ला प्रहरी कार्यालय राजविराज पुगेका उनलाई असई राजेश्वर महतोले संवेदनशील अंगमा बुट प्रहार गरेका थिए । अहिले उक्त शिर्षकमा बाइलाइन समाचार लेखेकोले असुरक्षा बढेको उनले बताए ।

मध्यान्हसँग कुरा गर्दै उनले भने, ‘नेता र गुण्डा लगाएको देखिन्छ । मैले प्रमाणको आधारमा मात्रै लेख्ने र बोल्ने गरेको छु । सामाजिक न्याय र मानवअधिकार रक्षाका लागि अनुसन्धान र खोजी गर्छु । सबै विकल्प समाप्त भएपछि समाचार बनाएर ध्यानाकर्षण गराउँछु ।’ यस्तो जोखिमयुक्त समाचार सम्प्रेषण गरेपछि जोखिम बढ्नु स्वभाविक भएको बताउँदै उनले भने, ‘राजनीतिक नेताहरुले कसरी दोहन र शोषण गरिरहेका छन् । त्यसका समाचार पनि आफुसँग रहेको प्रहरीले नै नेतालाई सूचना दिएर ममाथि आक्रमण गर्ने योजना बनाइरहेका छन् ।’



कर्तव्य ज्यान मुद्दामा प्रहरी हिरासतमा रहेकी महिलाले आफुमाथि इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी प्रमुखले यातना, यौन उत्पीडन र बलात्कार गरेको भनि बुधबार जिल्ला प्रहरी कार्यालय सप्तरीमा उजुरी दिएकी छन् । पेट देखिएपछि उनलाई राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल लगिएको थियो । जिल्ला प्रशासन कार्यालयबाट स्वास्थ्य परिक्षणका लागि अस्पताल पुऱ्याइएकी उनले अस्पतालको रेकर्डमा प्रहरीले बलात्कार गरेको र कसैलाई भने २० वर्ष जेलमा सडाउने धम्की दिएको लेखाएकी छिन् ।

उजुरीमा पीडितले चैत ६ गते रातिको समयमा नाम थाहा नभएको प्रहरीले सोधपुछ गर्न हाकिमले बोलाएको भन्दै इलाका प्रहरी कार्यालय कञ्चनपुरका डिएसपी दिपक कुमार राय कहाँ लगेको र मादक पदार्थ सेवन गरेर बसेका प्रमुखले कुटपिट गरी मुख थुनी बोल्न कराउन नदिइ जबरजस्ती करणी गरेको उल्लेख गरेकी छिन् । गैर कानूनी रुपमा हिरासतमा रहेकी उनीविरुद्ध चैत १४ गते प्रहरी प्रतिवेदनका आधारमा पक्राउ पुर्जी जारी भएको थियो । चैत २० गते महिलाका जेठाजुको जाहेरीसमेतको आधारमा ज्यान सम्बन्धी कसुरको अभियोगमा कारबाही प्रक्रिया अगाडि बढाइएको उनका कानून व्यवसायी दुर्गानन्द चौधरीले बताए । तर उनी चैत ४ गते नै पक्राउ परेकी छिन् । चैत ८ गते उनको पोलिग्राफ परीक्षण भएको छ ।

यद्यपि जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख एसपी नरेन्द्र कुमार कार्कीले प्रहरी अधिकृतकै विरुद्धको मुद्दा सहजै दर्ता गर्न नसकिने उनका कानून व्यवसायीलाई बताए । यसअघि पत्रकार पोखरेलले महिलाको बयान लिएर अनुसन्धानबारे एसपी कार्कीसँग जिज्ञासा राख्दा उनले महिलाले आरोप लगाए पनि आन्तरिक अनुसन्धानले त्यस्तो नदेखिएकोले मुद्दा नचलाउने प्रतिक्रिया दिएका थिए ।

## बागमती नदी किनारमा महिलाको शव फेला



**सागर संगम ठाकुर/मध्यान्ह**
रौतहट, ९ भदौ

रौतहट र सर्लाही जोडिएको बागमती नदीको किनारमा एक जना महिलाको शव फेला परेको छ । जिल्लाको गढीमाई नगरपालिका वडा नम्बर १ स्थित समनपुर पुल नजिक बागमती खोलाको किनारमा करिब ५०/५५ वर्षीया महिलाको शव फेला परेको इलाका प्रहरी कार्यालय गरुडाका डिएसपी ओमप्रकाश खनालले जानकारी गराए ।

शवको पहिचान नभएकाले आफन्तलाई सम्पर्क गर्न प्रहरीले अनुरोध गरेको छ । शुक्रबार साँझ बाढीले बगाएर ल्याएको अवस्थामा शव फेला परेको प्रहरीको भनाइ छ । घटनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

## दुहुँ गाउँपालिका
### गाउँ कार्यपालिबकाको कार्यालय
हिकिला, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

### सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०।०५।१०**

यस कार्यालयलाई आवश्यक पर्ने तपसिल बमोजिमका सामानहरु आपुर्ति गर्नु पर्ने भएको हुँदा ईच्छुक आपुर्तिकर्ताहरुबाट निम्न सर्तहरुको अधीनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१ गत आ.व.मा नवीकरण सहितको इजाजत पत्र, करचुक्ता प्रमाणपत्र, आय कर मु. अ. करमा दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी रु.१००० कार्यालयमा राजश्व नगदै तिरेको रसिद वा यस कार्यालयको नेपाल इन्भेष्टमेन्ट मेगा बैङ्क हिकिला शाखामा रहेको राजश्व खाता नं ०७८०१४००२५००४७ मा नगद जम्मा गरेको बैङ्क भौचर सहित निवेदन पेश गरी दरभाउपत्र खरिद गर्नु पर्नेछ ।

२ यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्ममा कार्यालय समय भित्र दरभाउपत्र फारम खरिद गरी १६ औं दिनको दिउँसो १२ बजे भित्र यस कार्यालयमा पेश गरि सक्नु पर्नेछ । तर सो दिन सार्वजनिक विदा परेमा सम्पुर्ण कार्यहरु सो को भोलिपल्ट साविक समयमै पेश गर्नु पर्नेछ ।

३ सिलवन्दी दरभाउपत्र फाराम पेश गर्दा पत्रदाताको ग्राह्यता सम्बन्धी आधार प्रमाणित गर्ने सम्पुर्ण कागजातहरुको प्रमाणित प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

४ यसरी दर्ता हुन आएका दरभाउपत्र १६ औं दिनको अपरान्ह २ बजे कार्यालयको प्रतिनिधिहरु र दरभाउपत्रदाताहरुकोको रहोवरमा खोलिनेछ तर दरभाउपत्रदाताहरु अनुपस्थित रहेमा पनि कार्यालयलाई दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा दरभाउपत्र खोलिनेछ ।

५ सिलवन्दी दरभाउपत्र पेश गर्नेले धरौटी रकम वाफत यस कार्यालयको नाममा नेपाल इन्भेष्टमेन्ट मेगा बैङ्क हिकिला शाखामा रहेको ग ३.१दुहुँ गाउँपालिका धरौटी खाता नं०७८०१४००२५००३० मा नाम उल्लेख गरी दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल सरकारबाट मायता प्राप्त बैंकबाट ७५ दिनको मान्य आवधि रहने गरी जारी भएको बैंक जमानत पेश गर्नु पर्नेछ।

६ सिलवन्दी दरभाउपत्रमा उल्लेखित परिमाणको सामग्री आपुर्तिकर्ताले कार्यालयको निर्णय अनुसार ढुवानी गर्नु पर्नेछ ।

७ कबोल अंक उल्लेख गर्दा तोकिए बमोजिम उल्लेख गर्नु पर्नेछ ।अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

८ कुनै सर्त राखी पेश गरिएको सिलवन्दी दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ । साथै दरभाउपत्र स्वीकृत भए पश्चात पनि कार्यालयले आवश्यक सामग्री पूर्ण वा आंशिक रुपमा थपघट गर्न सक्नेछ ।

९ सूचनाको सर्त विपरित भएको, कार्यालयबाट उपलब्ध गराएको दरभाउपत्र फारममा कुनै थपघट गरिएको, रीत नपुगको, म्याद नाघी पेश हुन आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

१० सूचनामा उल्लेख भएकोमा सोही बमोजिम हुने र अन्यको हकमा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।

११ खरिद गरिने सामग्रीहरुको आपुर्तिको प्राविधिक स्पेशिफिकेसन सम्बन्धी विवरण बिड डकुमेन्टमा संलग्न राखिनेछ ।

**दरभाउपत्र सम्बन्धी विवरण**

| दरभाउ पत्र नं | कामको बिवरण | मु.अ.कर सहित रु | धरौटि रकम रु |
|---|---|---|---|
| DRM/SQ/GOODS/NCB/07.2080–081 | करेसाबारी निर्माणका लागि आवश्यक सामग्री खरिद | १९,९९,०००.०० | ५०,०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशन गरिएको सूचना

यस फर्म/कम्पनीले (जापान, ताईवान) बाट पैठारी गरेको देहायको माल वस्तुहरुको अधिकतम् खुद्रा बिक्री मुल्य MRP निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपशिल

| S.NO. | GOODS ITEM DETAIL | TYPE OF ITEM | BRAND | MODEL | CAPICITY | P. M.COUNTRY | QTY. | RATE PER PICES | MRP. |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | DIGITAL CAMERA | DSLR | Canon | EOS 3000D 18-55DC | 18.0MP | TAIWAN | PCS | NPR | 45,490 |
| 2 | DIGITAL CAMERA | DSLR | Canon | EOS1500D 18-55 | 24.0MP | TAIWAN | PCS | NPR | 64,990 |
| 3 | DIGITAL CAMERA | DIGICAM | Canon | PS G7XIII | 20.1MP | JAPAN | PCS | NPR | 115,990 |
| 4 | DIGITAL CAMERA | DIGICAM | Canon | PS G7XII | 20.1MP | JAPAN | PCS | NPR | 89,990 |
| 5 | DIGITAL CAMERA | DIGICAM | Canon | PS SX70HS | 20.0MP | JAPAN | PCS | NPR | 105,990 |
| 6 | DIGITAL CAMERA | DSLR | Canon | EOS-200D II KIT 18-55 | 24.1MP | TAIWAN | PCS | NPR | 98,990 |
| 7 | DIGITAL CAMERA | DSLR | Canon | EOS R8 KIT 24-50 | 24.2MP | JAPAN | PCS | NPR | 298,490 |
| 8 | DIGITAL CAMERA | DSLR | Canon | EOS R100 kit 18-45 | 24.1MP | JAPAN | PCS | NPR | 105,990 |
| 9 | DIGITAL CAMERA | DIGICAM | Canon | PS SX740HS | 20.3MP | JAPAN | PCS | NPR | 70,990 |

SELLER : PRIMAX INTERNATIONAL INC
ADDRESS: NEW ROAD, KATHMANDU
PAN NO 300047253
PH: 014248407


## Musikot Municipality
### Office of the Municipal Executive
Wamitaksar, Gulmi

### Invitation for Online Bids

**Contract Identification No: MMEB1/GOODS/NCB/01/2080-081**
**Date of publication: 2080/05/08 (2023-08-25)**

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for supply and deliveryof medicine and surgical products (IFB No: MMEB1/GOODS/NCB/01/2080-081). Bidding is open to all eligible Bidders.
2. The Office of Musikot Municipality invites sealed and or electronic bids from eligible bidders for the procurement of supply of medicine and surgical products as per specificatios required. The overall estimate amount is 3500000 . Specifications is uploaded in drawing portion of bid document. under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations.
3. A complete set of Bidding Documents may be purchased from the online portal of ppmo .
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Global IME Bank
   Name of Office : Musikot Municipality
   Office Code no. : 365005212
   Office Account no.: 07204010000004
   Name of Account : Ga 1.1 Aantarik Rajaswa Musikot
   Rajaswa (revenue) Shirshak no. : 14227
   Bid Document Fee : NRs. 3000/-
4. A complete set of Bidding Documents may be purchased from online portal of ppmo by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 3000.0 NRs till 24-09-2023 12:00.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np. on or before 24-09- 2023 12:00. Bids received after thisdeadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 24-09-2023 13:00hours at the Office of Musikot Municipality, Gulmi.
7. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting to a minimum of 100000.NRs which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified forthe original last date of bid submission.

| S.N | Goods Package/ Contract No | Description of works | Bid amount NRs | Bid security Amount NRs. | Remarks |
|---|---|---|---|---|---|
| 1 | MMEB1/GOODS/NCB/01/2080-081 | Procurement, supply and delivery of medicine and surgical items. | 3,000 | 1,00,000 | Detailed specification of medicine and surgical items is given in technical specifications of bid document. |


## साउदीमा रोजगार |
कम्पनी: TALENT COMPANY FOR HUMAN RESOURCES
शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०८०/०५/०९ चलानी नं.: ६०२०६७७९ LT. No.: 291639

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labour | 25 | 0 | स. काममा दक्ष | 1000 | ३५,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: BASMAT AL MOSANADH CO FOR SUPPORT SERVICE BRANCH शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८०/०५/०९ चलानी नं.: ६०२०६७८० LT. No.: 291655

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Food And Beverage Counter Worker | 29 | 0 | स. काममा दक्ष | 1000 | ३५,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १७ गते (3 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978 | 9818750078 | 9826101000
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

## MALAYSIA मा वैदेशिक रोजगारको अवसर
कम्पनी: SGU FAMILY STORE SDN.BHD. शहर: Malaysia, Melaka
पूर्व स्वीकृत मितिः २०८०/०५/०७ चलानी नं.: ६०२०६७८३ LT. No.: 291573

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Rack Filler | 8 | 0 | स. काममा दक्ष | 1500 | ४२,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १७ गते (3 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BLUE OCEAN RECRUITMENT PVT. LTD.
NEW BANESHWOR, KATHMANDU, TEL: 4476215, 4491772 | | Email: info@blueoceanmanpower.com, recruitmentocean111@gmail.com | Web : blueoceanmanpower.com
श्रम इजाजत नं. ११६३/०७३/०७४

## मलेसियामा रोजगारको अवसर |
कम्पनी: EMPIRE EAGLE SECURITY SDN.BHD.
शहर: Malaysia, Kuala Lumpur

पुर्व स्वीकृत मितिः २०८०/०५/०८ चलानी नं.: ६०२०६७७२ L.T. No.: 291589

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 48 | 0 | स. काममा दक्ष | 1500 | ४२,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि-अन्तर्वार्ता धमाधम भइरहेको छ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ २४ गते (10 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AVIOSUPPORT HUMAN RESOURCES PVT LTD
Ratopool Ghaushala, Kathmandu, Tel.: 5914474.
Email: info@aviosupporthr.com, Web: www.aviosupporthr.com
Govt.Lic.No 1574/079/080

# सुदूरपश्चिमेली नेपाली समाज कतारले नयाँ नेतृत्व चयन गर्दै मनायो गौरा पर्व

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ९ भदौ



सुदूरपश्चिमेली नेपाली समाज कतारले आफ्नो स्थापनाको आठौं वार्षिकोत्सव, छैटौं साधारण सभा तथा गौरा विशेष कार्यक्रम एकसाथ सम्पन्न गरेको छ। कतारको सनैयामा अवस्थित फूलबारी रेस्टुरेन्टमा शुक्रबार सम्पन्न कार्यक्रमको साधारण सभाबाट गोरख बहादुर चन्दको अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध चयन भएको छ ।

निर्वाचित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा रवीन्द्र बहादुर सिंह, प्रथम उपाध्यक्षमा केशव सिंह खत्री, द्वितीय उपाध्यक्षमा राजेन्द्र बोहरा, तृतीय उपाध्यक्षमा दीर्घ कठायत, महासचिवमा राम बहादुर माल, सचिवमा गणेश तिरुवा, सह-सचिवमा नरेन्द्र मल्ल, कोषाध्यक्षमा विष्णु भट्ट, महिला उपाध्यक्षमा पारु भट्ट र महिला संयोजकमा ममता रावल चयन भएका छन् । कार्यसमितिको केन्द्रीय सदस्यहरूमा करण बहादुर घराला, जनक धामी, प्रकाश ठगुन्ना, कमल सिंह विष्ट, राम प्रसाद रोस्यारा, कमल धमला, कर्न खत्री, जनक आउजी, राकेश रावल, करन सिङ, किसन भट्ट, धर्मराज शाही रहेका छन् । महिला सदस्यहरूमा गीता सुनार, जानकी ठगुन्ना र बसन्ती भाट रहेका छन् । निर्वाचन समितिका संयोजक सुरेन्द्र चन्दले नव निर्वाचित कार्यसमितिलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

समाजका अध्यक्ष परमानन्द भट्टको सभापतित्व तथा नेपाली राजदूतावासका प्रथम सचिव भुवन भट्टको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा समाजका संरक्षक नरेन्द्र भाटको विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा शुभकामना मन्तव्य राख्ने क्रममा प्रमुख अतिथि भट्टले सुदूरपश्चिम संस्कृतिको धनी रहेको बताउँदै कतारमा रहेका सबै सुदुरपश्चिमेलीमा थप एकताबद्ध हुन आग्रह गरे ।

पञ्चेबाजा बजाउँदै केक काटेर विधिवत उद्घाटन गरिएको कार्यक्रममा कतारमा स्थापित वैचारिक, सामुदायिक, सामाजिक, सांगीतिकलगायत विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिले मन्तव्य मार्फत शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा थुप्रै कलाकारले सांगीतिक प्रस्तुति समेत दिएका थिए । संयोजक गोरख चन्द ठकुरीले स्वागत मन्तव्य राखेको कार्यक्रममा गौरा पर्वको महत्वका बारेमा समाजका प्रमुख सल्लाहकार सुरेन्द्र चन्दले प्रष्ट पारेका थिए । सो क्रममा गौराको महत्व झल्काउने झाँकीसमेत प्रस्तुत गरिएको थियो ।

भोज बहादुर साउँद र गणेश तिरुवाले मिलेर सहजीकरण गरेको कार्यक्रममा साउदले संस्थागत कार्यप्रगति विवरण पेस गरेका थिए । आफ्नो शुभकामना मन्तव्य राख्दै संरक्षक भाटले संस्थालाई गतिशील बनाउन सबै एकजुट हुन सुझाव दिए । कार्यक्रमको समापन गर्दै सभापति भट्टले आफ्नो कार्यकालमा थालिएका र अपुरा रहेका कामलाई नयाँ समितिले पूर्णता दिने विश्वास व्यक्त गरे । उनले आफ्नो कार्यकाल सफल बनाउन सहयोग गर्ने सबैमा कृतज्ञता प्रकट गरेका थिए । कार्यक्रममा एनआरएनए एनसीसी कतारको १०औं राष्ट्रिय महाधिवेशनबाट निर्वाचित कार्यसमिति, समाजसँग सहकार्य गरेका विभिन्न संघसंस्था तथा समाजमा योगदान पुऱ्याएका विभिन्न व्यक्तिहरूलाई सम्मान गरिएको थियो ।

**गौरा पर्व र यसको धार्मिक महत्व**

नेपाल बहुभाषिक, बहु सांस्कृतिक बहु धार्मिक राष्ट्र हो । यहाँ परापूर्व कालदेखि विभिन्न मौलिक संस्कृति मनाइँदै आइएको छ । धर्म संस्कृति अनुसारका चाडपर्व मात्र नभइ भौगोलिक अपस्थिति अनुसार हिमाल, पहाड ,तराइमा आफ्नै मौलिक संस्कृति मनाइन्छ । एउटै धार्मिक समुदायमा पनि सुदूरपूर्व, सुदूरपश्चिम तथा तराइ- मधेशमा आ-आफ्नै मौलिक परम्परा मनाइन्छ । त्यसमध्ये सुदूरपश्चिममा मनाइने गौरा पर्व पनि एक हो । गौरा पर्व मूलतः कर्णाली, सुदूरपश्चिम प्रदेशमा धुमधामसँग मनाइन्छ । यसका साथै गौरा पर्व लुम्बिनी प्रदेशका शहरी क्षेत्र, काठमाडौं उपत्यका तथा नेपालका ठूला शहरहरू र विदेशमा पनि विशेष महत्वका साथ मनाउन थालिएको छ। त्यसैले गौरा पर्व अहिले सबैको साझा पर्व बन्दै गएको छ ।

गौरा सुदूरपश्चिम क्षेत्रको महत्वपूर्ण धार्मिक एवम् सांस्कृतिक पर्व हो । गौरा पर्व भाद्र शुक्लको षष्ठीदेखि अष्टमीसम्म विभिन्न कार्यक्रमहरूको आयोजना गरी मनाइन्छ । गौरा पर्वको पहिलो दिन गौरा पर्व मनाउने समुदायका महिलाहरूले निराहार रही आ-आफ्नो घरमा तामा वा पित्तलको भाँडोमा बिरुँडा अर्थात पाँच थरीका गेडागुडी भिजाउने गर्छन् । गौरा पर्वमा व्रतालु तथा तथा श्रद्धालु महिलाहरूद्वारा गौरा घरमा गई गरिने शिव र गौरीको पूजा अर्चनामा बिरुँडालाई प्रसादका रूपमा प्रयोग गर्ने गरिन्छ । बिरुँडा भिजाएको केही दिनपछि महिलाहरूले सामूहिक रूपमा धान, साउँ, तिल, अपामार्ग आदि बिरुवाका बोटबाट गौराको प्रतिमा (मूर्ति) बनाएर गौरा घरमा भित्र्याउँछन् ।

धार्मिक अनुष्ठान एवम् पूजाआजाका साथै गौरालाई घरमा भित्र्याइसकेपछि श्रद्धालु महिलाद्वारा शिव र गौरी (गौरा)को पूजाआजा गर्ने गरिन्छ । गौरा भित्र्याइसकेपछि विसर्जन नगरिएसम्म गौरा घरमा पुरुष तथा महिलाहरू गोलबद्ध भइ स्थानीय लोक भाषामा देउडा, चैत, धमारी आदि खेल खेलेर आनन्द लिन्छन् । गौरा पर्वले मानिसमा धार्मिक, आस्था, आपसी सद्भाव बढाउन मद्दत पुऱ्याउने मात्र नभइ यस पर्वमा व्रत बसी शिव र गौरीको पूजाआजा गर्नाले सुखशान्ति प्राप्त हुने, इस्ट र कुल देवता प्रसन्न हुने जनविश्वास छ ।

गौरा पर्व पहिला कर्णाली र सुदूरपश्चिम प्रदेशमा मात्र मनाइने भए पनि अहिले त्यस क्षेत्रमा बसोबास गर्ने मानिसहरू बसाइँसराइ गरेर वा कामको सिलसिलामा पुगेका स्वदेशका शहरहरू तथा विदेशमा पनि धुमधामसँग मनाउने गरेको पाइन्छ ।



## Notice For E-Bidding Tender Invitation

**First Date of Publication : 2080/5/10 (Aug 27, 2023)**

Okhaldhunga Campus invites electronic bid from reputed and competent Bidders for the following works under National Competitive Bidding (NCB).

| S. N. | Contract No/IFB No | Estimated Amount (Exclusive of VAT) | Name of the Project and Location | Price of Bid Document | Last Date of Bid Submission | Date and Time of Bid Opening | Bid Validity Period | Bid Security |
|---|---|---|---|---|---|---|---|---|
| 1 | OKHALDHUNGA CAMPUS/WORKS /NBC/2080-81/01 | 8817150.31 | Construction of Campus Building. Siddhicharan Municipality-12 | NRs. 3000 | Sep 26, 2023 before 12:00 hours | Sep 26, 2023, 14:00 hours | 90 days | NRs. 2,50,000 |

1. Bidder may download the bidding document for e-submission from PPMO website (www.bolpatra.gov.np/egp).
2. Information for depositing the cost of bidding document and bid security.
   **Name of the bank : Rastriya Banijya Bank**
   **Office Name : Okhaldhunga Campus, Okhaldhunga**
   **Account Number : 2070100010555001**
3. Matters not covered by this notice shall be in accordance with the Public Procurement Act, 2063 with amendment and Public Procurement Regulation, 2064 with amendment and other prevailing regulations.
4. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning the reason, whatsoever.
5. Eligible bidders may obtain further information from okhaldhunga Campus during campus hours or may visit PPMO Web Portal www.bolpatra.gov.np/egp

**Government of Nepal**
**Ministry of Urban Development**
**Department Urban Development & Building Construction**

## Project Office of Urban Development & Building Construction

**Rajbiraj, Saptari**

## Invitation for Bids

**Date of Publication: 2080/05/10 (27th August 2023)**

Project Office of Urban Development & Building Construction, Rajbiraj, Saptari invites electronic bid only from eligible bidders for following under national competitive bidding procedure, some of the information is mentioned below, though the details are in the bidding documents. A complete set of Bidding Documents may be downloaded from the PPMO's e-Portal-www.bolpatra.gov.np/egp (e-GP II).

| S. N. | Contract ID. | Description of works | Bid Security amount (Nrs.) | Cost Estimate without VAT with PS (Nrs.) | Cost of bidding documents (Nrs.) | Bidding Procedure | Last Date of Bid Submission | Date Of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | PUDBC/SAPTARI /NCB/WORKS/ 01-2080/081 | Construction of Annex Building of PUDBC, Saptari | 96,500.00 | 30,00,496.12 | 3,000.00 | Single Stage Single-Envelope Bidding Procedure | 2080/06/09 (26th September, 2023) at 12:00 Noon | 2080/06/09 (26th September, 2023) at 14:00 Noon |
| 2 | PUDBC/SAPTARI /NCB/WORKS/ 02-2080/081 | Road Up gradation work from Bhadiya Dachhin Tole to Bhadiya Mananiya Tole to Bishanpur Tole to Meghbari to Musaharaniya to Ranjitpur, Khadak Municipality-8, Saptari, District | 165,000.00 | 51,42,474.74 | 3,000.00 | Single Stage Single-Envelope Bidding Procedure | 2080/06/09 (26th September, 2023) at 12:00 Noon | 2080/06/09 (26th September, 2023) at 14:00 Noon |
| 3 | PUDBC/SAPTARI /NCB/WORKS/ 03-2080/081 | Road Up gradation work from Sakela-Balawatar Tole to Pratima Tole Samma Kalopatre tatha Nala Nirman, Triyuga Municipality-11, Udayapur, District | 275,000.00 | 85,63,214.95 | 3,000.00 | Single Stage Single-Envelope Bidding Procedure | 2080/06/09 (26th September, 2023) at 12:00 Noon | 2080/06/09 (26th September, 2023) at 14:00 Noon |
| 4 | PUDBC/SAPTARI /NCB/WORKS/ 04-2080/081 | Construction of Road & Drain work from bhalwahi chowk to Bhalwahi secondary, Siraha Municipality-11, Siraha | 275,000.00 | 85,65,974.11 | 3,000.00 | Single Stage Single-Envelope Bidding Procedure | 2080/06/09 (26th September, 2023) at 12:00 Noon | 2080/06/09 (26th September, 2023) at 14:00 Noon |
| 5 | PUDBC/SAPTARI /NCB/WORKS/ 05-2080/081 | Road Up gradation of Khaijanpur Road, Triyuga Municipality-2, Udayapur, District | 138,000.00 | 42,81,965.35 | 3,000.00 | Single Stage Single-Envelope Bidding Procedure | 2080/06/09 (26th September, 2023) at 12:00 Noon | 2080/06/09 (26th September, 2023) at 14:00 Noon |
| 6 | PUDBC/SAPTARI /NCB/WORKS/ 06-2080/081 | Construction of Emergency Shelter at Tilathi-Koiladi Ga.Pa.-3, Saptari | 165,000.00 | 51,36,254.59 | 3,000.00 | Single Stage Single-Envelope Bidding Procedure | 2080/06/09 (26th September, 2023) at 12:00 Noon | 2080/06/09 (26th September, 2023) at 14:00 Noon |

**-Project Chief**

# कोरियाली प्रायद्वीप समस्या समाधानमा चीनको जोड

**काठमाडौं/एजेन्सी–** चीनले कोरियाली प्रायद्वीप समस्या समाधानमा जोड दिएको छ। संयुक्त राष्ट्रसंघका लागि चीनका उपस्थायी प्रतिनिधि गेङ श्वाङले राष्ट्रसंघीय सुरक्षा परिषद्को शुक्रबारको बैठकमा उनले उक्त कुरामा जोड दिएका हुन्। कोरियाली प्रायद्वीप समस्या समाधान प्रमुख राष्ट्रहरूबीचको सुदृढ सम्बन्ध र स्थिर क्षेत्रीय वातावरणमा निर्भर रहेको बताउँदै चिनियाँ कूटनीतिज्ञले ती देशले नै उपयुक्त वातावरण बनाउनुपर्नेमा जोड दिए। प्रायद्वीपको विषयलाई लिएर प्रमुख क्षेत्रीय देशले सामान्यतया स्थिर र सहयोगी सम्बन्ध राखेमा कूटनीतिक प्रयास प्रभावकारी हुन सक्ने उनले बताए।




उपप्रमुख गेङले हालैका वर्षहरूमा केही देशले प्रायद्वीपको मुद्दालाई जानाजानी तनाव सृर्जना गर्ने, हिन्द-प्रशान्त रणनीतिमा प्रायद्वीपलाई समावेश गर्ने, गठबन्धन र साझेदारीलाई बलियो बनाउन र यस क्षेत्रमा आफ्नो सैन्य उपस्थिति उल्लेखनीयरूपमा बढाउने प्रयास भइरहेको यथार्थ सुनाए।

शीतयुद्धको मानसिकतायुक्त त्यस्ता अभ्यासले टकराव बढाउने र दलहरूबीचको आपसी विश्वासलाई कमजोर पार्ने उल्लेख गर्दै उनले आफ्नै भूराजनीतिक स्वार्थ पूरा गर्नेबाहेक प्रायद्वीपमा शान्ति र स्थायित्व कायम नहुने बताए। 'पछिल्ला गतिविधिबाट निःशस्त्रीकरणलाई अगाडि बढाउने लक्ष्यमा तुषारापात भएको छ,' अमेरिका, जापान र दक्षिण कोरियाको नाम उल्लेख नगरी उनले भने।

वार्ताको माध्यमबाटै प्रायद्वीपलाई समस्याबाट मुक्त गर्न सकिने विचार व्यक्त गर्दै उनले त्यहाँ तनाव कम गर्न र राजनीतिक समाधानलाई बढावा दिन सुरक्षा परिषद्ले रचनात्मक भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए।

कोरियाली प्रायद्वीपका समस्या समाधानका निम्ति चीन, रुस र अन्य देशले प्रस्तुत गरेका उचित प्रस्तावलाई केही देशले बेवास्ता गरेका तथा प्रतिबन्ध र दबाबबाटै निकास निष्कन्छ भन्ने लघु सोचप्रति उनले दुःख व्यक्त गरे।

## भारतले उसिना चामलमा २० प्रतिशत निर्यात शुल्क लगाउने



**काठमाडौं/एजेन्सी–** भारतको संघीय सरकारले उसिना चामलको निर्यातमा २० प्रतिशत कर लगाएको अधिकारीहरूले शनिबार बताएका छन्। आन्तरिक बजारमा पर्याप्त आपूर्ति सुनिश्चित गर्दै मूल्यवृद्धि नियन्त्रण गर्ने उद्देश्यले अर्थ मन्त्रालयले शुक्रबार साँझ उक्त आदेश जारी गरेको हो।

निर्देशन अनुसार, निर्यात शुल्क तत्काल कार्यान्वयन गरी अक्टुबर ३१ सम्मका लागि प्रभावकारी रहनेछ। यो नयाँ प्रतिबन्धसँगै भारतले अब सबै प्रकारका गैर-बासमती चामलमा प्रतिबन्ध लगाएको छ, जुन भारतको कुल चामल निर्यातको लगभग २५ प्रतिशत हो।

यसको निर्यातमा २० प्रतिशत भन्सार दर लागू गर्दा विश्वव्यापी मूल्यमा थप वृद्धि हुने सम्भावना छ। गत महिना अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले भारतले चामल निर्यातमा लगाएको प्रतिबन्धले विश्वव्यापी मुद्रास्फीतिमा प्रभाव पार्ने र बाँकी विश्वमा खाद्य पदार्थको मूल्यमा उतारचढाव बढाउने बताएको र एक निश्चित श्रेणीको चामलको निर्यातमा लगाइएको प्रतिबन्ध हटाउन आग्रह गरेको थियो।

## भूमध्यसागरबाट सयौं आप्रवासीको उद्धार

**काठमाडौं/एजेन्सी–** फ्रान्सको एक गैरसरकारी संस्थाले भूमध्यसागरमा संकटले घेरिएका चार सय ३८ जना आप्रवासीको ज्यान बचाएको छ। उक्त संस्थाले उद्धार जहाज ओशन वाइकिङमार्फत बितेका दुई दिनमा ती आप्रवासीलाई उद्धार गरेको हो।

उद्धारक संस्था एसओएस मेडिटरेनीले लिबिया र ट्युनिसियाको अन्तर्राष्ट्रिय जलक्षेत्रबाट उनीहरूको उद्धार गरेको जनाउँदै गत बिहीबार मध्य भूमध्यसागरमा तीनवटा डुंगा परिचालन गरेर २३ देशका दुई सय ७२ जनाको ज्यान बचाउको बताएको छ।

उक्त जलक्षेत्र आप्रवासीहरूका लागि विश्वको सबैभन्दा खतरनाक सामुद्रिक मार्ग हो। उद्धार गरिएकामध्ये ३२ जना नाबालिग, नौ जना बालबालिका र पाँच जना अपाङ्गता भएका व्यक्ति थिए। शुक्रबार पनि थप एक सय ६६ जनाको उद्धार गरिएको एसओएस मेडिटरेनीले जनाएको छ।

संयुक्त राष्ट्रसंघीय आप्रवासन निकाय इन्टरनेशनल अर्गनाइजेसन फर माइग्रेसनका अनुसार यस वर्ष मध्य भूमध्यसागर पार गर्ने प्रयासमा कम्तिमा दुई हजार १३ जनाको मृत्यु भएको छ। गत जुनमा पश्चिमी भूमध्यसागरमा एउटा डुंगा डुब्दा ८२ जनाको इहलीला समाप्त भएको थियो। अघिल्लो वर्ष युरोपमा सहज जीवन यापन गर्ने सपना साकार पार्न हिँडेका एक हजार चार सय १७ जना आप्रवासीले ज्यान गुमाएका थिए।

## फ्रान्सेली राजदूतलाई नाइजर छोड्न आदेश

**काठमाडौं/एजेन्सी–** नाइजरको सैन्य नेतृत्वले फ्रान्सेली राजदूतलाई देश छोड्न आदेश दिएको छ। सैन्य सरकारको यो कदमले पश्चिम अफ्रिकी राष्ट्रमा प्रजातान्त्रिक रूपमा निर्वाचित राष्ट्रपतिलाई पदच्युत गरेपछि अन्तरराष्ट्रिय सङकटलाई अझ बढाएको अल जजीराले जनाएको छ।

फ्रान्सेली राजदूत सिल्भेन इट्टेलाई ४८ घण्टाभित्र नाइजर छोड्न भनिएको छ। शुक्रबार उहाँलाई सैन्य सरकारले पठाएको एक पत्रमा छलफलका निम्ति विदेश मन्त्रालयमा उपस्थित हुन गरिएको आमन्त्रणाको बेवास्ता गरेको आरोप पनि लगाइएको छ। राजदूत इट्टेको निष्कासनको कारण 'नाइजरको हित विपरीत फ्रान्सेली सरकारको काम हो' भनिएको छ।

फ्रान्सको विदेश मन्त्रालयले शुक्रबार नै नाइजरका सत्ता विप्लवीसँग आफ्ना राजदूतलाई फिर्ता जान आदेश दिने कुनै अधिकार नभएको बताएको छ। सैन्य विद्रोहअघिसम्म नाइजरसँग फ्रान्सको सुमधुर सम्बन्ध थियो।

Local Government
**Indrawati Rural Municipality**
**Office of the Rural Municipal Executive**
Nawalpur, Sindhupalchok
Bagmati Province, Nepal

**INVITATION FOR E- BID**

**(First Date of Publication : 2080/05/10 (27/08/2023)**

1. Indrawati Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the for the following works under National Competitive Bidding procedures.

| S.N. | Contract ID | Description of works | Estimate cost excluding VAT and contingency. | Bid Security Amount |
|---|---|---|---|---|
| 1 | IRMSI/W/NCB/ 080/081-02 | Construction Works of Puspaganga Basic School Building | NRs. 72,46,187.01 | NRs. 2,20,000.00 |
| 2 | IRMSI/W/NCB/ 080/081-03 | Upgrading Works Of Bahunepti Suryakot Daduwakharka Road | NRs. 1,29,86,792.89 | NRs. 4,00,000.00 |

2. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Indrawati Rural Municipality office.
3. Bidders may download the bidding documents for e-submission from **PPMO**'s Website www.bolpatra.gov.np/egp. Biddersshall deposit **NRs. 3,000.00** as the cost of bidding document in the following bank.
   Name of the Bank : Nepal Investment Mega Bank Ltd.
   Name of Office : Indrawati Rural Municipality
   Office Account no : 17301400000116
4. Pre-bid meeting shall be held **at Indrawati Rural Municipality Office** at **12:00 hours on 15/09/2023.**
5. Intrested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp. **to office of Indrawati rural Municipality** on or before **12:00 hours on 26/09/2023**. Bids received after this deadline will be rejected.
6. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hours on 26/09/2023** at the office of **Indrawati Rural Municipality, Nawalpur**, Sindhupalchok. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format ammounting to minimum of **above mention**, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing /submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## कतारमा रोजगारको अवसर

कम्पनी: SSK CONSULTANCY — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/११/०२ — चलानी नं.:६०१९६४९५ — LT. No.: 281008 — पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 2 | स. काममा दक्ष | 1000 | ३६,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: SSK CONSULTANCY — शहर: DOHA
पूर्व स्वीकृत मिति:२०८०/०४/२६ — चलानी नं.:६०२०६०४१ — LT. No.:290756 — पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | foreman | 2 | 0 | | 2500 | ९०,४०० | | | | | | | |

कम्पनी: HONEST HOSPITALITY — शहर : Doha
पूर्व स्वीकृत मिति: २०८०/०४/२२ — चलानी नं.: ६०२०५७४४ — LT. No.:290474 — पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreman | 0 | 5 | | 2500 | ९०,४०० | | | | | | | |

कम्पनी : PINNACLE VENTURES CONTRACTING WLL — शहर : Doha
पूर्व स्वीकृत मिति: २०८०/०४/२२ — चलानी नं.: ६०२०५७५२ — LT. No.:290476 — पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Weld Technician | 10 | 0 | स. काममा दक्ष | 1100 | ३९,७७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: PROFESSIONAL ONE HOSPITALITY — शहर: DOHA
पूर्व स्वीकृत मिति:२०८०/०३/२० — चलानी नं.: ६०२०४२५० — LT. No.: 288906 — पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Ground Steward | 0 | 2 | | 1000 | ३६,१६० | | | | | | | |
| 3. | Supervisor | 0 | 2 | | 2500 | ९०,४०० | | | | | | | |

कम्पनी: AL TAMIMI GROUP — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८०/ ०१ /२८ — चलानी नं.:६०२०१२८७ — LT. No.: 285863 — पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Washing Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: AL-TAMIMI GROUP — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७९/१०/१९ — चलानी नं.:६०१९६००३ — LT. No.: 280402 — पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 3 | 0 | स. काममा दक्ष | 1400 | ५०,६२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १७ गते (3 September 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Gov. Lic No. 1561/079/080
**GOOD LUCK MANPOWER Services Pvt. Ltd.**
Sinamangal 9,Kalimatidol, Kathmandu, Nepal
Ph. No.: +977 1 5915260 I E-mail: goodluckmanpower022@gmail.com

## साउदीमा रोजगार

कम्पनी: SAUDI ARCHIRODON COMPANY LIMITED
शहर: Saudi Arabia, Jeddah
